# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## लमही नगरपालिका

दाङ




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## लमही नगरपालिका

दाङ




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं.५७

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू
लमही नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
दाङ।

**कैफियत सहितको राय**

हामीले लमही नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.७ करोड ३८ लाख ३१ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.७१ लाख २ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३ करोड १५ लाख ४ हजार, नियमित गर्नुपर्ने रु.३ करोड ४४ लाख ०५ हजार र पेश्की रू.८ लाख २० हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु.४२ करोड १७ लाख १८ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.४९ करोड ५५ लाख ४९ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर/नगर कार्यपालिका, नगरप्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

## लमही नगरपालिका, दाङ

# १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ९० | १०१ | ७३८३१ | ० | ० | ० | ९० | १०१ | ७३८३१ | ७१०२ | ३४४०५ | ३१५०४ | ० | ० | ६५९०९ | ८२० |

# २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| स्थानीय तहको नाम | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| लमही नगरपालिका | ४२१७१८ | ० | ० | ४२१७१८ | ० | ७३८३१ | ४९५५४९ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : लमही नगरपालिका, दाङ , लामाही नगरपालिका , दाङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Gehendra Bahadur Dangi | २०७७-१२-१८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Yagya Bahadur Oli | २०७७-१-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ७३,८३१,३४१ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ३७,१७,८४,२०४.१७ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४७,३६,१७,००० | **चालु खर्च** | ४५,५५,७१,१४८.०४ |
| **प्रदेश सरकारबाट अनुदान** | ४,५७,०१,००० | **पूँजीगत खर्च** | ३२,३७,५६,५७६ |
| **राजश्व बाँडफाँट** | १,९८,३८,२७०.६४ | **वित्तीय/अन्य व्यवस्था** | २४,८०,१२,३१०.९२ |
| **आन्तरिक आय** | ७,५८,२६,२३२.७२ | | |
| **अन्य आय** | ३१,२२,१०,०७५.९८ | | |
| **कुल आय** | ९२,७१,९२,५७९.३४ | **कुल खर्च** | १,०२,७३,४०,०३४.९६ |
| **बाँकी मौज्दात** | | २७,१६,३६,७४८.५५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **स्थानीय संचित कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएका आयोजनाहरू समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।<br>पालिकाबाट भएको सम्पूर्ण आर्थिक कारोबार सुत्र प्रणालीको म.ले.प.फा.नं.२७२ मा समावेश नभएको भनि पालिकाले एकिकृत आय-व्यय पेश गरेकोले सोहि अनुसार लेखापरीक्षण गरिएको छ ।सवै कारोवार म.ले.प.फा. २७२ मा राखी पेश गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

**आय व्ययको विवरण**

| क्र.सं. | आयतर्फ विवरण | रकम रु. | जम्मा रकम रु. | क्र.सं. | व्ययतर्फ विवरण | रकम रु. | जम्मा रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १ | **गत वर्षकोजिम्मेवारी** | | ३७१७८४२०४.१७ | | | | ७७९३२७७२४.०४ |
| | क) संचित कोष | ३३४१७५९३१.७७ | | १ | **चालु खर्च** | ४५५५७११४८.०४ | |
| | ख) धरौटी | १३९०३०५२.५४ | | २ | **पुँजिगत खर्च** | ३२३७५६५७६ | |
| | ग) स्थानीयतह प्रकोपव्यवस्थापन कोष | ७६३५१९५.४३ | | | | | |
| | घ) भारतिय दुतावास(विविध खर्च खाता) | १०४२९१४४.५७ | | ३ | **धरौटी तर्फ** | | २०९२८८३०.५४ |
| | ङ) कोरोना (विविध खर्चखाता) | १५०००० | | | क) धरौटी फिर्ता | ५८७०९२०.२७ | |
| | च) plgsp कार्यक्रम (विविध खर्च खाता) | ८०२३४.८६ | | | ख) धरौटी मौज्दात | १५०५७९१०.२७ | १५०५७९१०.२७ |
| | छ) कर्मचारी कल्याणकोष (विविध कोष खाता) | ५४१०६४५ | | ४ | **अनुदान फिर्ता** | ५५९५५२५०.८८ | |
| २ | **राजश्व आन्तरिकआय** | | ९५६६४५०३.३६ | ५ | सञ्चित कोष मौज्दात | २५८२०७४७१.९९ | **२५८२०७४७१.९९** |
| | क) आन्तरिक राजश्व | ७५८२६२३२.७२ | | | | | |
| | ख) राजश्व बाँडफाँडस्थानीय | १९८३८२१०.६४ | | ६ | **विविध कोष तर्फ** | | ७९१०६४५ |
| ३ | **राजश्व बाँडफाँड संघियसरकार** | १२०९८५५६७.६४ | १२०९८५५६७.६४ | | क) कर्मचारी कल्याणकोष | | |
| ४ | **राजश्व बाँडफाँडप्रदेश सरकार** | २२१९६२७६.०१ | २२१९६२७६.०१ | | खर्च | २६८०९८८ | |
| ५ | **वित्तिय हस्तान्तरणसंघ** | | ४७३६१७००० | | मौज्दात | ४७२९६५७ | |
| | क) समानिकरण अनुदान | १५०६००००० | | | ख) बैंकमौज्दात(बालकल्या | ५००००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | ण कोष) | | | | |
| | | | | | ख) सशर्त अनुदान चालु | २१४६६७००० | | | | | | | |
| | | | | | ग) सशर्त अनुदानपुँजिगत | १०००५०००० | | | | | | | |
| | | | | | घ) समपुरक अनुदान | - | | | | | | | |
| | | | | | ड) विशेष अनुदान | ८३००००० | | | | | | | |
| | | | | ६ | **वित्तिय हस्तान्तरणप्रदेश** | | ४५७०१००० | | | | | | |
| | | | | | क) समानिकरण अनुदान | ७१५७००० | | ७ | **विविध खर्च खाता तर्फ** | | ३०५१०२४३.६३ | | |
| | | | | | ख) सशर्त अनुदान | ११५४४००० | | | क) भारतिय दुतावास | | १०४२९१४४.५७ | | |
| | | | | | ग) समपुरक अनुदान | २०००००००० | | | खर्च | १०४२९१४४.५७ | | | |
| | | | | | घ) विशेष अनुदान | ७०००००० | | | मौज्दात | ०.५७ | | | |
| | | | | ७ | **विभिन्न कोष तर्फको आय** | | | | ख) सडक बोर्ड | १५७३३८ | १५७३३८ | | |
| | | | | ८ | **धरौटी** | | ७०२५७७८ | | ग) कोरोना | | १५०००० | | |
| | | | | | क) गत वर्षकोजिम्मेवारी | | | | खर्च | १५०००० | | | |
| | | | | | ख) यस वर्षको आम्दानी | ७०२५७७८ | | | घ) धानबाली क्षतिकोराहात | | १९३३२५२६.७ | | |
| | | | | ९ | **स्थानीय तह प्रकोपव्यवस्थापन कोष** | | ३२००००० | | खर्च | १६४५९२२७.५० | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) गत वर्षकोजिम्मेवारी | | | | मौज्दात | २८७३२९९.२० | | |
| | | | | | ख) यस वर्षको आम्दानी | ३२००००० | | | ङ) PLGSP कार्यक्रम | | ४४१२३४.३६ | |
| | | | | १० | **विविध खर्च खाता तर्फ** | | १९८५०८६४.२ | | खर्च | २३३९४० | | |
| | | | | | ख) यस वर्षको आम्दानी (सडक बोर्ड) | १५७३३८ | | | मौज्दात | २०७२९४.३६ | २०७२९४.३६ | |
| | | | | | घ) यस वर्षको आम्दानी (धानबाली क्षतिको राहात) | १९३३२५२६.२ | | | | | | |
| | | | | | ङ) यस वर्षको आम्दानी (PLGSP कार्यक्रम) | ३६१००० | | | | | | |
| | | | | ११ | **विविध कोष खाता तर्फ** | | २५००००० | ८ | **स्थानीय तह प्रकोपव्यवस्थापन कोष** | १०८३५१९५.४३ | १०८३५१९५.४३ | |
| | | | | | क) यस वर्षको आम्दानी (कर्मचारी कल्याण कोष) | २०००००० | | | खर्च | ५८७३५०८ | | |
| | | | | | ख) यस वर्षको आम्दानी (बालबालिका कोष ) | ५००००० | | | मौज्दात | ४९६१६८७.४३ | ४९६१६८७.४३ | |
| | | | | १२ | **सामाजिक सुरक्षा** | १३४६३७०२४ | १३४६३७०२४ | ९ | **सामाजिक सुरक्षा खर्च** | १३४६३७०२४ | १३४६३७०२४ | |
| | | | | १३ | **गरिबसँगविश्वेश्वर** | ६६४३९८ | ६६४३९८ | १० | **गरिबसँग विश्वेश्वरकार्यक्रम** | ६६४३९८ | ६६४३९८ | |
| | | | | १४ | **मान्य अवधिमा नसाटीएकाचेकहरु** | | ११५०१६८.१३ | | | | | |
| | | | | | **जम्मा** | | १२९८९७६७८३.५१ | | | | १२९८९७६७८३.५१ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नै नगरपालिका स्थापनाको प्रमुख उदेश्य हो। लुम्बिनी प्रदेशस्थित दाङ्ग जिल्लामा अवस्थित यस नगरपालिका अन्तर्गत ९ वडा, मनोनित ३ समेत ५० सभा सदस्य रहेका छन्। यस कार्यालयको कार्यक्षेत्र नगरपालिका भित्र रहेको छ। | |
| ३ | | | **लेखापरीक्षणको क्रममा असुल**<br>लेखापरीक्षणको क्रममा शिक्षा तर्फ बढि निकासा दिएको दिवा खाजा, पाठ्यपुस्तक र तलब रु.११५५७७ असुल भई राजस्व दाखिला भएको छ । | |
| ४ | | | **लेखापरीक्षण**<br>लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । बैङ्क नगदी किताबसमेत आर्थिक कारोबारका अंकगणितिय शुद्धता तर्फ कार्यालयको जोड जम्मामा निर्भर गरिएको छ। लेखापरीक्षणमा पेश भएसम्मका आर्थिक कारोवारसंग सम्बन्धित निकायबाट प्राप्त जानकारी अनुसार तयार गरि स्वीकृत भएको लेखापरीक्षण योजना बमोजिमको जोखिम विश्लेषण, नमूना छनौट र व्यवस्थापन प्रतिनिधित्व पत्रको आधारमा लेखापरीक्षण नीति मापदण्ड, मार्गदर्शन, निर्देशन एवं व्यवसायिक लेखापरीक्षणका असल अभ्यास र लेखापरीक्षण सीमासमेतको आधारमा परिक्षण गरी तयार गरिएको लेखापरीक्षणको मस्यौदा प्रतिवेदन उपर व्यवस्थापनसंगको बहिर्गमन बैठकमा छलफल गरि कायम भएको व्यहोरा सहितको प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षणको क्रममा प्रतिवेदनको यथार्थता र पर्याप्तताको निम्ति पुष्टयाई समेत संकलन गरी त्यसका आधारमा यो प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षणमा देखिएका व्यहोरा मध्ये तत्काल प्रमाण पेश हुन आएका व्यहोरालाई यो प्रतिवेदनमा समावेश गरिएको छैन ।उल्लिखित आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर व्यवस्थापनसँग मिति २०७९-१०-२७ छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् । | |
| ५ | | | **वित्तीय विवरण परीक्षण - यसमा देखिएका व्यहोरा निम्नानुसार छन् -** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.१ | | | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्-<br><br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br><br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात फरक देखिएको छ ।<br><br>• लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस नगरपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br><br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ५.२ | | | **जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । प्राप्त विवरण अनुसार यस स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. ३७,१९,०३,०००.२ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.३७१७८४२०४.१७ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.११८७९६.०३ घटि जिम्मेवारी सरेको सम्बन्धमा पालिकाले एकिन गर्नुपर्ने देखिएको रु. | ११८,७९६ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५.३</td><td></td><td></td><td>बैक हिसाब मिलान – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गर्नुपर्दछ ।<br><br>
<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी</th><th>फरक</th></tr>
<tr><td>१.</td><td>चालु खाता</td><td>३,३४,२८,६००.८८</td><td>३,५८,७३,०७८.४१</td><td>२४,४४,४७७.५३</td></tr>
<tr><td>२.</td><td>पूजिगत खाता</td><td>२,३१,४५,९९८.००</td><td>४,६३,०२,१०६.५०</td><td>२३१५६१०८.५</td></tr>
<tr><td>३.</td><td>धरौटि खाता</td><td>१,५०,५७,९१०.२७</td><td>१,४१,९९,९८६.२७</td><td>८५७९२३.७३</td></tr>
<tr><td></td><td>जम्मा</td><td>७१६३२५०९.१५</td><td>९६३७५१७१.१८</td><td>२६४५८५१०.०३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली - यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेको छ-</td><td></td></tr>
<tr><td>६.१</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br><br>
• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br><br>
•पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br><br>
•अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन<br><br>
• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | •मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको।<br><br>•कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br><br>•ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br><br>•साना तथा ठुला सवै निर्माण कार्यको नापी किताव कम्प्यूटरबाट तयार गरिएको लुजशिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ । कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटाइज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ ।<br><br>•सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br><br>•संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br><br>•सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br><br>•वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको ।<br><br>•पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ९३ जनाको दरबन्दी रहेकोमा ३१ दरबन्दी रिक्त रहेको पाईयो ।<br><br>•सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br><br>•निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br><br>•पालिकाबाट सञ्चालित सवै कार्यक्रमको नियमित अनुगमन मूल्याङ्कन गरी सोको प्रतिवेदन तयार गर्ने गरेको छैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | •भौगोलिक विकटताका कारण पालिका द्धारा सञ्चालित विकास निर्माण सम्वन्धी योजनाहरुको स्थलगत अवलोकन नगरिएकोले कार्यान्वियन भएका योजनाको वास्तविक अवस्थाको सम्वन्धमा एकिन हुन सकिएन ।<br><br>• संघिय मामिला तथआ सामान्य प्रशासन मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिका को नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौटतथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिका ले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वियन गर्नुपर्दछ ।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६.२ | | | **बेरुजु लगत मलेप फारामको प्रयोग** - बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएकोमा पालिकाले देहायको म.ले.प.फारमको प्रयोग गरेको छैन । तोकिएको फारमहरुको प्रयोग गर्नुपर्दछ ।<br><br>-म. ले. प. फाराम ८०१ – बेरुजु लगत<br><br>-म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन<br><br>- म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.३ | | | **भ्रमण तथा अनुगमन खर्च :** लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा लुम्बिनी प्रदेश भ्रमण खर्च नियमावली, २०७७ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण र अनुगमन खर्च वापत आ.व.२०७८।७९ मा रु.३१८६१२७ खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .<br><br>• अधिकांश भ्रमण र अनुगमनको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br><br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br><br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br><br>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ६.४ | | | **खर्चमा मितव्यिता कायम गर्नुपर्ने –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ ।यसै गरी खर्च लेख्दा आवस्यकता र औचित्यका आधारमा आवस्यक प्रमाण कागजात सहित मितव्ययी तवरले गर्नु पर्दछ । तर पालिकाले यस वर्ष निम्न बमोजिम खर्च लेखेको देहाय बमोजिम पाईयो ।<br><br>खर्च शिर्षक – बार्षिक खर्च रकम<br>मर्मत खर्च – ४९७०२१८<br>ईन्धन खर्च – ४५५४६६६<br>विविध खर्च – ६६८८००४<br>बैठक भता – ११८४५३३<br><br>• सवारी मर्मत खर्चः लुम्बिनी प्रदेश, प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ को दफा ४५ अनुसार सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने उल्लेख छ ।कार्यालयले यस बर्ष सवारी मर्मतमा रु. ४९७०२१८ लाख खर्च गरेकोमा स्वीकृत मर्मत आदेश अनुसार मर्मत गराउने र सवारी मर्मतको म.ले.प.फा.नं. अद्यावधिक गरेको छैन। सवारी मर्मत सम्बन्धी आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गरि मर्मत खर्चमा मितव्ययी गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • निश्चित उदेश्य सहित बिशेष परिस्थितिमा मात्र कानुन द्वारा गठित समितीको बैठकमा मात्र बैठक खर्च लेख्न पाईने व्यवस्था विपरित कार्यालयका पदाधिकारी कर्मचारीहरुलाई कार्यालयकै नियमित कार्य सम्बन्धमा भएका बैठकको भता दिएको पाईयो ।<br>• विविध खर्चको प्रयोजन नखुलेको आवश्यकता आंकलन नगरी खर्च गरेको तथा प्यान विल राखी एउटै पार्टीवाट पटक पटक गरी सिमा भन्दा बढी खरिद गरि भुक्तानी गरेको पाईयो ।<br>• इन्धन खर्चः सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका, २०७५ को बुदा नं.७ बमोजिम कार्यालयले सवारी साधन सुविधा पाउने पदाधिकारी तथा कर्मचारीहरुलाई इन्धन उपलव्ध गराउँदा तह अनुसार मासिक रुपमा पाउने डिजेल/पेट्रोल (लिटर) र त्रैमासिक रुपमा पाउने मोविल तथा ब्रेक आयल (लिटर) को कोटा निर्धारण गरी भुक्तानी पर्ने र कार्यालयले सोको लगत अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ।कार्यालयले यो बर्ष इन्धन कार्यालय इन्धनमा रु. ४५५४६६६ लाख खर्च गरेको छ। कार्यालयले इन्धन खर्च लेख्ने सवारी साधनको न्यूनतम कोटा निर्धारण गरी सोको मासिक लगत राख्नुपर्नेमा राखेको छैन यसबाट इन्धन खर्च मितव्ययि छ भनी आश्वस्त हुन सकिएन।<br><br>यस्ता खर्चहरुमा नियन्त्रण हुनु पर्दछ । | |
| ७ | | | **संगठन तथा कर्मचारी व्यवस्थापन - यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् -** | |
| ७.१ | | | **कर्मचारी दरबन्दी र पूर्ती** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ ।पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ९३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकिय अधिकृत, इन्जिनियर, लेखापाल सहित ६२ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशाकीय अधिकृत, जनस्वास्थ्य अधिकृत, लेखा अधिकृत, सव इन्जीनियर लगायत ३१ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| ७.२ | | | **तलवि प्रतिवेदन पारित नगरेको** - निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगराई रु. १५,०५,०४,६३७।५१ तलब भत्ता खर्च लेखेको पाइयो । निजामती सेवा ऐन अनुसार तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७.३ | | | **कर्मचारी करार**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा १०८ जना कर्मचारीहरू करारमा राखि रु २७५५२८३३ खर्च लेखेको छ ।<br><br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र कारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेक ५२ जना नियुक्ति गरि वर्षभरीमा रु १४२२६४२४ भुक्तानी गरेको अनियमित देखिएको रु | १४,२२६,४२४ |
| ७.४ | | | **तह वृद्धिः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ मा स्थानीय सेवाको शर्त तथा सुविधा सम्वन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानून वमोजिम हुने व्यवस्था छ । साथै दफा ८८ मा स्थानीय सेवाका कर्मचारीहरुको शुरु तलब स्केल प्रदेश सरकारले तोकेबमोजिम हुने र त्यसरी प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोकेबमोजिम हुने व्यवस्था छ ।अर्थ मन्त्रालयले प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरुको २०७८ साउन १ गतेदेखि लागु तलबमान अनुसार तलब भुक्तानी हुनुपर्दछ ।<br><br>प्रदेश लोक सेवा आयोग( आधार र मापदण्ड निर्धारण) ऐन २०७५ को दफा १० को उपदफा (२) को (ख) र (ग) तथा प्रदेश लोक सेवा आयोग ऐन २०७६ को दफा ७ को उपदफा (३) अनुसार प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा र स्थानीय सरकारी सेवा तथा स्थानीय तहको संगठित संस्थाको सेवाको पदका कर्मचारीको सेवा शर्त सम्बन्धी कानूनको विषयमा र त्यस्तो सेवाको पदमा नियुक्ति वढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था भएको र प्रदेश लोक सेवा आयोग ऐन २०७६ को ४२ को उपदफा (१) मा संविधान, यो ऐन र अन्य प्रचलित कानून बमोजिम आयोगको परामर्श लिनुपर्ने विषयमा आयोगको परामर्श नलिई कारबाही भए गरेमा त्यस्तो काम कारवाही बदर गर्न सक्ने व्यवस्था रहेकोमा पालिकाले कानून निर्माण गर्दा आयोगको परामर्श लिएर कानून निर्माण गरेको देखिएन ।<br><br>पालिकाले स्थानीय निकायका कर्मचारीहरुको तह कृद्धि सम्बन्धी कार्यविधि २०७८ जारि गरि यस वर्ष ६ जना कर्मचारीको तह वृद्धि गरि तलब भत्ता भुक्तानी गरेको छ । पालिकाले ६ कर्मचारीको तह वृद्धि गर्दा वार्षिक रु ३२१३६० व्ययभार परेको देखिन्छ ।पालिकाले तह तथा स्तर वृद्धि गर्दा प्रदेश लोक सेवा आयोगको पूर्वस्वीकृत लिइ गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७.५ | | | **कर्मचारी कल्याण कोष** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था रहेकोमा सो को कार्यान्वयन भएको देखिएन । नगरपालिकाले यस वर्ष आन्तरिक श्रोतबाट कर्मचारी कल्याण कोषमा रु.२० लाख ट्रान्सफर गरी रु.६८०९८८ खर्च लेखेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने देखिदैन । | |
| ८ | | | **बजेट तथा कार्यक्रम - यस सम्बन्धमा देहायका व्यहोरा देखिएको छ -** | |
| ८.१ | | | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले मिति २०७८।०३।१० गते रु.११२५०००००० को बजेट सभा समक्ष पेश गरेको र स्थानीय तहका प्रमुखले २०७८।०४।०७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी छलफल गर्ने पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ८.२ | | | **रकमान्तर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ अनुसार कार्यपालिकाको स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पुँजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्नेछ । पालिकाले यसबर्ष हिउदे सभाबाट रु.१९७६८००१३ विभिन्न शिर्षकमा रकमान्तर गरेको छ ।बजेट र योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न रकमान्तर गरि योजना शंसोधन गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.३ | | | **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।देहायको विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी सामाजिक विकास मा ३३.३६ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा १.८६ प्रतिशत रहेको छ । यसमा सुधार गरिनु पर्दछ । | |

| मुख्यक्षेत्र | वार्षिक वजेट | खर्च रकम | जम्मा खर्चको तुलनामा |
|---|---|---|---|
| आर्थिक विकास | ६,००,०९,३४०.०० | २,८५,६५,६३३.८८ | ३.६७ |
| पूर्वाधार विकास | ४१,१०,२३,९००.०० | २६,५७,३१,२२६.०० | ३४.११ |
| सामाजिक विकास | ३३,५२,९८,७००.०० | २६,००,४६,१७९.१५ | ३३.३६ |
| संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ३,९८,९०,०००.०० | १,४५,३३,०९५.०९ | १.८६ |
| अन्य कार्यालय संचालन तथा प्रशासनिक | ३०,८४,९५,०६०.०० | २१,०४,५१,५८९.९२ | २७ |
| **जम्मा** | ११५४७१७००० | ७७९३२७७२४.०४ | १०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.४ | | | **अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु. ३ करोड २० लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको बिभिन्न मिति को निर्णयबाट चालुतर्फ विभिन्न शीर्षकमा र पुजीगततर्फ विभिन्न शीर्षकमा बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| ८.५ | | | **गत बर्षको दायित्व भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १३ मा चालु बर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने आधार र पर्याप्त कारण सहित सम्बन्धित कार्यालयले संलग्न बिल भरपाइ बमोजिम आगामी बर्ष भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी ७ दिन भित्र कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट प्रमाणित गराइ राख्नु पर्ने व्यवस्था छ । सोही नियमको उपनियम १५ मा अघिल्लो आ व को भुक्तानी दिन सकिने खर्चमा तलब स्वीकृत दरवन्दीको महंगी भत्ता, स्थानीय भत्ता, सरुवा भ्रमण खर्च, घर भाडा, पोशाक, खाद्यान्न औषधि उपचार बन्दीको सिधा सेवा निवृत्त सुविधा स्वीकृत बार्षिक कार्यक्रम समावेश भएको कुनै व्यक्ति फर्म संस्था वा कम्पनीसँग सम्झौता बमोजिमको रकम मात्र प्रमाणित गराइ भुक्तानी हुन सक्ने व्यवस्था छ । | २,६४८,१०६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पालिकाले यसवर्ष कार्यापालिकाको निर्णय तथा नगरसभाबाट प्रमाणित गराई गत वर्षको भुक्तानी दिन वाँकी रु ६०८१८८७२ यो वर्ष भुक्तानी गरेको छ । यस सगँ सम्बन्धित व्यहोरा निम्नानुसार छन् -<br><br>**क)चालु प्रकृतिका खर्चः** भुक्तानी दिन बाँकीको कच्चावारी नभएको पालिकाले म ले प फा नं २२१ भुक्तानी दिन बाकीको कच्चावारी तयार गरी आन्तरिक लेखापरीक्षकबाट प्रमाणित गराएकोमा सो प्रमाणित कच्चावारी बेगर आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम मा अधिल्लो बर्ष भुक्तानी दिन बाँकी दिन मिल्ने खर्च शिर्षक बाहेकको जनप्रतिनिधि तथा कर्मचारी दैनिक भ्रमण भत्ता,अतिरित्त काम गरेवापत भत्ता, विपद व्यवस्थापन वैठक भत्ता,कोरोना भाइरस संक्रमणमा काम गरेको जोखिम भत्ता जस्ता खर्च वापत पालिकाले यसवर्ष कार्यापालिकाको निर्णय तथा नगरसभाबाट प्रमाणित गराई भुक्तानी दिएको अनियमित देखिएको रु. | |

| गौ.भो.न. मिति | व्यहोरा | रकम |
|---|---|---|
| ८७।०७८।६।६ | जनप्रतिनिधि तथा कर्मचारी दैनिक भ्रमण भत्ता | ३१२२९० |
| ८९।०७८।६।६ | प्रधानमन्त्री कृषि आधुनिकीकरण तथा प्रधानमन्त्री अनुगमन | १३६००० |
| १२०।०७८।६।१३ | अतिरित्त काम गरेवापतको भत्ता | १३८६७२२ |
| १८५।०७८।६।२० | बजेट निर्धारण समितिको वैठक भत्ता | ५९००० |
| ७२८।०७९।१।२१ | कोरोना भाइरस संक्रमणमा जनशक्तिलाइ जोखिम भत्ता | ७२५८९४ |
| १०५८।०७८।३।१६ | कोरोना भाइरस संक्रमणमा जनशक्तिलाइ जोखिम भत्ता | २८२०० |
| | जम्मा | २६४८१०६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.६ | | | **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले त्यस अनुसार गरेको छैन । | |
| ९ | | | **कानून निर्माण एवं कार्यान्वियन -यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् -** | |
| ९.१ | | | **कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सो को अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १७ वटा ऐन, २ वटा नियमावली, ५० वटा कार्यविधि ६ निर्देशिक, ३ नर्म्स र अन्य ४ सहित ८२ वटा कानुन निर्माण गरेकोमा ९६ वटा मात्र राजपत्रमा प्रकाशन गरको छ । निर्माण भएका कानून राजपत्रमा प्रकाशन गरी कार्यान्यनमा ल्याउनु पर्दछ । | |
| ९.२ | | | **न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्षको फछ्र्यौट वा कारबाही किनारा लगाउन बाँकि १० वटा , यो बर्ष थप भएको ३० गरी कुल ४० विवाद दर्ता भएकोमा ३६ वटा विवाद मात्र फछ्र्यौटभई ४ विवाद बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौटवा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १० | | | **बजेट तथा कार्यक्रम - यस सम्बन्धमा देहायका व्यहोरा देखिएको छ -** | |
| १०.१ | | | **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएतापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०.२ | | | **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.७५८२६२३२.७२ राजस्व बाँडफाँडबाट रु १९८३८२७०.६४ र अनुदानबाट रु. ३२२५७३५५५ समेत रु.११६२५२५१९३.३८ आम्दानी भएकोमा चालु तर्फ रु.४५५५७११४८.०४ र पूँजिगत तर्फ रु ३२३७५६५७६ समेत रु ७७९३२७७२४.०४ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ९.७२ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु.१२२९८५०० खर्च भएको छ जुन आन्तरिक आयको १६.२१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५८.४५ प्रतिशत चालु र ४१.५५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ । | |
| ११ | | | **अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता - यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् -** | |
| ११.१ | | | **अनुदानको अनुगमन** – सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । स्थानिय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीयतहवाट विगतमा संचालित कार्यक्रमहरुको प्रभावकारीता मुल्याङ्कन समेत का आधारमा स्रोतको उपयोग हुने गरि योजना तर्जुमा गर्नु पर्ने आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन नियमावली बमोजिम संचालित कार्यक्रमहरुको प्रभावकारीता का लागी आन्तरिक नियन्त्रण प्रणाली लगायत आवश्यक व्यवस्था गर्नु पर्ने व्यवस्था रहेको छ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकावाट निम्न कार्यक्रम अन्तर्गत विभिन्न संस्था समुहलाई कार्यक्रम संचालन अनुदान उपलब्ध गराएकोमा सो को अनुगमन गरेको छैन ।उदेश्य अनुरुप कार्य सम्पादन भए नभएको सम्बन्धमा पालिकाबाट निरन्तर अनुगमन हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (see table below) | |

| सि.नं. | समूह । व्यक्ति | कार्यक्रमको नाम | भुक्तानि |
|---|---|---|---|
| 1 | कृषक | 50 प्रतिशत अनुदानमा मल्चिङ प्लाष्टिक वितरण | 799999 |
| 2 | दर्तावाला व्यवसायिक फर्म | माछापालक कृषकलाई मेशिनरी सामान वितरण | 600000 |
| 3 | 1.मान बहादुर खत्री (खत्री बाख्रा पालन)<br>2.शिवराज पुन | बाख्राको फर्म निर्माण नयाँ 50 प्रतिशत सहकार्य सेवा केन्द्रको लागि मेशिनरी सामग्री खरिद | 950000 |
| ४ | फर्म दर्तावाला वितरण | बंगुर पालक कृषकका लागि 50 प्रतिशत अनुदानमा खोर निर्माण | 1250000 |
| ५ | 1. किसान पशुपन्छी फर्म<br>2. खुसि बाख्रा पालन फर्म | नयाँ फर्मलाई माउ बाख्रा वितरण | 600000 |
| ६ | किसान दर्तावाला फर्म | बोयर जातको बोका खरिद | 800000 |
| ७ | खुसि बाख्रा पालन समूह | आ.व. 077/078 मा संचालित बाख्रा फर्मलाई थप अनुदान | 380000 |
| ८ | नुर बहादुर कुमाल | बधिया भाले कार्यक्रम | 275000 |
| ९ | कृषक समूह, समित सहकारी लाई वितरण | प्याकेजिङ बर्षिम घाँसको विउ ७५ प्रतिशत अनुदानमा वितरण | 320000 |
| 1० | कृषक समूह, समित सहकारी लाई वितरण | जै घाँसको विउ वितरण | 60000 |
| 1१ | कृषक | 50 प्रतिशत अनुदानमा तरकारीको विउ वितरण | 549900 |
| 1२ | कृषक | बगर खेतीका लागि 50 प्रतिशत अनुदानमा तरकारीको विउ वितरण | 129200 |
| | | **जम्मा** | **६७१४०९९** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.२ | | | **सवारीसाधन खरिद** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले आ.व. २०७८/७९ मा देहायको सवारी साधन खरिद गरेको पाइयो । सवारी साधन खरिद कार्य नियन्त्रण गरिनु पर्ने देखिन्छ ।<br><br>सि.नं \| सवारी साधन \| संख्या \| रकम<br>1 \| टिप्पर \| 2 थान \| १२७८००००<br>2 \| ट्र्याक्टरट्रली सहित \| 1 थान \| १५८९०००<br>3 \| मोटरसाईकल \| 1 थान \| २६९०००<br> \| **जम्मा** \| ४ थान \| १४६३८००० | |
| ११.३ | | | **अनुदान फिर्ता -** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने शसर्त समपुरक र विशेष अनुदान रकम खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । २०७९ असार मसान्तमा सबै अनुदान खर्च नभई बाँकी रहेको रकम संघीय सरकार तर्फ रु.१९२४८५६४४.९७ र प्रदेश सरकार तर्फ रु.१०७५३६८७९१ मिति २०७९-०४-०५ मा फिर्ता गरेको छ । | |
| १२ | | | **सेवाप्रवाहको स्थिति :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार पालिकाले हालसम्म १७ वटा ऐन, २ वटा नियमावली, ५० वटा कार्यविधि ६ निर्देशिक, ३ नर्म्स र अन्य ४ सहित ८२ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (see table below) | |

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | 99 |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | 1668 |
| मृत्युदर्ता | 359 |
| बसाईसराई दर्ता | 316 |
| विवाह दर्ता | 777 |
| सम्बन्धविच्छेद दर्ता | 27 |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | 5.5 कि.मि |
| कालोपत्रे सडक मर्मत | 0.5 कि.मि |
| ग्राभेल सडक निर्माण | ९.6 कि.मि |
| ग्राभेल सडक मर्मत | २.5 कि.मि |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।यसमा सुधार हुनुपर्दछ ।


https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१३</td><td></td><td></td><td>लक्ष्य प्रगति :<br>कार्यालयले चौमासिक र बार्षिक स्तरको प्रगती विवरण तयार गर्नुपर्दछ । यस बर्ष पालिकाले सञ्चालन गरेका स्थानीय स्तरका कुल ३३५ कार्यक्रममा १३ योजनामा शुन्य प्रगती भएको विवरण पेश भएको छ । तोकिए बमोजिम प्रगति हासिल गर्नुपर्दछ ।
<table>
<tr><th>कार्यक्रम/योजना</th><th>कुल कार्यक्रम</th><th colspan="4">वार्षिक प्रगति स्थिती</th></tr>
<tr><th></th><th></th><th>शून्य प्रगती</th><th>२५%सम्म प्रगति</th><th>५०% सम्म प्रगति</th><th>७५% सम्म प्रगति</th></tr>
<tr><td>कार्यक्रम संख्या</td><td>348</td><td>13</td><td>0</td><td>0</td><td>335</td></tr>
</table></td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>आर्थिक सहायता र विविध खर्च - यस सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार छन् -</td><td></td></tr>
<tr><td>१४.१</td><td></td><td></td><td>आर्थिक सहायताः– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। यस वर्ष पालिका कार्याविधि अनुसार रु ७०८००० आर्थिक सहायता खर्च लेखेको छ । यस प्रकारको खर्च नियन्त्रण गरिनु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१४.२</td><td></td><td></td><td>विवध खर्च - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यसवर्ष विविधतर्फ मात्र रु. ६६८८००४ खर्च गरेको छ ।यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>राजस्व आन्तरिक नियन्त्रण - यस सँग सम्बन्धित व्यहोरा निम्नानुसार रहेका छन् -</td><td></td></tr>
<tr><td>१५.१</td><td></td><td></td><td>आयको अनुमानः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर, वहाल विरौटी शुल्क वापत अनुमानित रु. १९०००००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु. १३३५५२०७ अर्थात अनुमान भन्दा २९.७९ प्रतिशत कम आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५.२ | | | **असुल गर्न बाकीँ आन्तरिक आय –** पालिकाले पेश गरेको विवरण अनुसार देहायको कैफियत सहित आय ठेक्काको रकम असुल गर्न बाकीँ रहेको छ । सो सँग सम्बन्धित श्रेस्ता लेखापरीक्षणको क्रममा पेश भएको छैन् । पालिकाले मुद्दा परेको कारण असुल हुन बाँकी रहेको जनाएको छ । अतःके कति रकम असूल गर्न बाँकी रहेको छ एकिन गर्न सकिएन् । असुल गर्न बाँकी आन्तरिक आय एकिन गरि असुल गर्नुपर्दछ । | |

| ठेक्काको विवरण | ठेकदारको नाम | सम्झौता मिति | ठेक्का अवधि | ठेक्का रकम | असुली रकम | असुल हुन बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ढुङ्गा गिट्टी निकासी कर | रुकमाङ्गत खरेल | 2078/06/20 | 078/079 | 17600000 | 5250000 | 4727444 | मुद्दा परेको कारण असुल हुन बाँकी |
| जडिबुटी जिवजन्तु कवाडी कर | बुद्धिराज तामाङ | 2078/05/17 | 078/079 | 3900900 | 2204013 | | मुद्दा परे पछि कार्यपालिकाको निर्णय बमोजिम रकम घटाइएको । |
| | | | | 22031900 | 7985013 | 4727444 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५.३ | | | **क) राजश्व अभिलेख :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने उल्लेख छ । नगरपालिकाले पालिका केन्द्र र ९ वटा वडाबाट रु.१२९२२६२६५.८७ को अनलाईन सफ्टवयर मार्फत राजस्व संकलन गरेको विवरण पेश गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । यसकारण कुन कुन स्रोतबाट के कति राजस्व संकलन भएको हो एकिन गर्न सकिएन् । अतः कार्यलयले आगामी दिनमा राजस्व नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत थप ब्यवस्थापन गर्न विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।<br><br>**ख) राजश्व दाखिलामा जरीवाना -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७४ को दफा ७६ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यालय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दश प्रतिशत का दरले जरिवाना गरी दाखिला गर्न लगाउने व्यवस्था छ । वडाले राजश्व वापत असुलि रकम समयमा दाखिला नगरेकोमा १० प्रतिशत जरिवाना समेत असुल हुनुपर्नेमा भएको देखिएन ।पालिकाले असुली रकमको दाखिला मिति एकिन गरी नियमानुसार लाग्ने जरिवाना लगाउनु पर्दछ ।<br><br>**ग) अमानत मार्फत ढुङ्गा गिट्टि बिक्रि र राजस्व संकलन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने उल्लेख छ । कार्यालयले नदिजन्य पदार्थ विक्रिकालागी वभिन्न घाट क्षेत्रबाट अमानतमा विक्रि राजश्व असुल गर्न व्यक्ति, वडा कार्यालय र टोल विकास संस्थालाई परिचालन गरि पालिका मार्फत नगदि रसिद छपाई वितरण गर्ने गरेको र नगदि रसिद कट्टा गरी रु.१३७७५६१ राजस्व गरेको विवरण पेश गरेको छ । के कति परिमाणमा ढुङ्गा , गिट्टी बिक्रि गरि राजस्व संकलन भएको हो सो को विवरण पेश नभएकाले एकिन गर्न सकिएन । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर राजस्व संकलन गर्ने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । सो सम्बन्धमा तहाँ कार्यालयबाटै एकिन गर्नुपर्दछ । | |
| १५.४ | | | **आय ठेक्का (नदिजन्य पदार्थ विक्रि)-** कार्यालयले तयार गरेको विवरण अनुसार गाउँपालिका क्षेत्र भित्रको नदिजन्य पदार्थ विक्रिकालागी देहाय अनुसार रु. ३७८३६२१९ ठेक्का बन्दोवस्त गरी रु. ३११५३७१९ आन्तरिक आय असुल गरेको देखियो । पालिकाले उल्लिखित ठेक्कामा नदिजन्य पदार्थ उत्खनन् गरि विक्रि वितरण गरेको परिमाणको अभिलेख निर्माण व्यवसायी तथा कार्यालय दुवैले राखेको नदेखिएकोले उत्खनन् परिमाणको विश्लेषण गर्न सकिएन । | ६,६८२,५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| घाटको नाम | निर्माण ब्यवसायीको नाम | सम्झौता अंक | दाखिलार कम | दाखिला गर्न बाकिँ रकम | दाखिला मू.अ.कर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| लमही–२, राप्ति राजपुर भटनियाँ घाट वाट नदिजन्य पदार्थ संकलन तथा उत्खनन् | श्री विनायक निर्माण सेवा | 3333333 | 3333333 | ० | ४३३३३३.२९ | |
| लमही–२, राप्ति छिगंटपुर घाट वाट नदिजन्य पदार्थ संकलन तथा उत्खनन् | कुशल निर्माण सेवा | 1199467 | 1199467 | ० | १५५९३१.८८ | |
| लमही–५, राप्ति ढिकपुर घाट र बलरामपुर सिमना घाट वाट नदिजन्य पदार्थ संकलन तथा उत्खनन् | श्री राम कृष्ण निर्माण सेवा | 1602115 | 1602115 | ० | २०८२७४.९५ | |
| लमही–९, राप्ति सिरिङ्ग र फिरिङ्ग खोला घाट वाट नदिजन्य पदार्थ संकलन तथा उत्खनन् | कुशल निर्माण सेवा | 304979 | 304979 | ० | ३९६४७.२७ | |
| लमही–६, अर्जुनखोला कस्यापुर घाट | श्री तेज दृष्टि कन्स्ट्रक्सन प्रा.लि | 7338871 | 7338871 | ० | ९५४०५३.२३ | एक मात्र बोलपत्र पेश भएको । |
| लमही–७, अर्जुनखोला बनगैँ घाट | श्री उज्वल निर्माण सेवा | ६११७४५४ | 4117454 | २०००००० | ७९५२६९.०२ | एक मात्र बोलपत्र पेश भएको । |
| लमही–७, राप्ती नदी बनघुस्री घाट | श्री राजन निर्माण सेवा | 6165000 | ३०८२५०० | ३०८२५०० | ८०१४५० | एक मात्र बोलपत्र पेश भएको । |
| लमही–८, राप्ती नदी गिधिनिया घाट | श्री चन्द्रादेवी निर्माण सेवा | ६६००००० | ५०००००० | १६००००० | ८५८००० | एक मात्र बोलपत्र पेश भएको । |
| लमही–८, राप्ती नदी खयरभट्टी घाट | श्री माल्टी सप्लायर्स प्रा.लि | ५१७५००० | ५१७५००० | ० | ७७६२५ | एक मात्र बोलपत्र पेश भएको । |
| | **जम्मा** | **३७८३६२१९** | **३११५३७१९** | **६६८२५००** | **४८४१०८३.४७** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **क)दाखिला समय र जरिवानाः** नदिजन्य पदार्थको उल्लेखित आय ठेक्का सम्झौता अनुसार राजश्व रकम पहिलो किस्ता सम्झौताका बखत दाखिला गर्नु पर्ने र दोश्रो तथा अन्तिम किस्ता २०७९।०२।३० सम्ममा दाखिला गरिसक्नु पर्ने व्यवस्था छ। नदिजन्य पदार्थको ठेक्का पाउने उल्लिखत व्यवसायीहरुले पहिलो किस्ता सम्झौताको व्यवस्था बमोजिम दाखिला गरेको तर दोश्रो तथा अन्तिम किस्ता सम्झौतामा तोकिएको अवधि भन्दा ढिला गरि दाखिला गरेको देखियो । कार्यालयले आय ठेक्का पाउने व्यवसायीहरुसंग निर्धारित समयमा दाखिला गर्न ताकेता नगरेकोले सम्झौतामा तोकिएको समय भन्दा ढिला गरि दाखिला गरेका छन् । आय ठेक्का सम्झौतामा किस्ता ढिला बुझाएमा थप जरिवाना लाग्ने व्यवस्था नगरेकोले ब्यवसायीहरुबाट जरिवाना समेत असुल गरेको छैन । अतः आय ठेक्का सम्झौता गर्दा तोकिएको समयमा राजश्व नबुझाएमा जरिवाना लाग्ने व्यवस्था समेत शर्तको रुपमा राखि सुधार गरिनु पर्दछ ।<br><br>**ग) उज्वल निर्माण सेवा -** पालिकाले अर्जुनखोला बनगैँ घाट क्षेत्रको नदीजन्य पदार्थ विक्रीका लागी गरेको आय ठेक्कामा उज्वल निर्माण सेवाले मु अ कर बाहेक रु. ६११७४५४ मा कबोल गरेकोमा रु.४११७४५४ मात्र दाखिला गरि रु. २०००००० रकम असुल गर्न बाकि देखियो । उक्त निर्माण व्यवसायीबाट व्यवसायीबाट सम्झौताको समयमा मिति २०७९-०४-३० सम्म म्याद भएको रु. २०००००० बैंक जमानत पेश भएता उक्त रकम असूल गरेको देखिएन् । अतः आवश्यक कारवाही गरि निजबाट उक्त रकम असुल गर्नुपर्ने देखिएको रु.<br><br>**घ) राजन निर्माण सेवा -** पालिकाले लमही–७, राप्ती नदी बनघुस्री घाट क्षेत्रको नदीजन्य पदार्थ विक्रीका लागी गरेको आय ठेक्कामा राजन निर्माण सेवाले मु अ कर बाहेक रु.६१६५००० मा कबोल गरेकोमा रु. ३०८२५०० मात्र दाखिला गरि रु.३०८२५०० रकम असुल गर्न बाकि देखियो । उक्त निर्माण व्यवसायीबाट व्यवसायीबाट सम्झौताको समयमा मिति २०७९-०४-३० सम्म म्याद भएको रु. ३०८२५०० बैंक जमानत पेश भएता उक्त रकम असूल गरेको देखिएन् । अतः आवश्यक कारवाही गरि निजबाट उक्त रकम असुल गर्नुपर्ने देखिएको रु.<br><br>**ङ) चन्द्रादेवी निर्माण सेवा -** पालिकाले लमही–८, राप्ती नदी गिधिनिया घाट क्षेत्रको नदीजन्य पदार्थ विक्रीका लागी गरेको आय ठेक्कामा चन्द्रादेवी निर्माण सेवाले मु अ कर बाहेक रु.६६०००००मा कबोल गरेकोमा रु. ५०००००० मात्र दाखिला गरि रु.१६००००० रकम असुल गर्न बाकि देखियो । निर्माण व्यवसायीबाट व्यवसायीबाट सम्झौताको समयमा मिति २०७९-०४-३० सम्म म्याद भएको रु. १६००००० बैंक जमानत पेश भएता उक्त रकम असूल गरेको नदेखिएको रु.<br><br>।उक्त घाट क्षेत्रमा कोभिड -१९ को महामरी र गाउँलेहरुको पटक पटकको अवरोधका कारण निर्माण व्यवसायीले उत्खनन गर्न नसकेको र नगर स्तरिय अनुगमनको मिति २०७९-०२-१६ गतेको फिल्ड रिपोर्ट सारांश अनुसार बाकीँ ३१९४६५ घन.फिट उत्खनन गर्न बाकीँ भएकाले निर्माण व्यवसायीको निवेदनको माग वमोजिम बैकं ग्यारेन्टी फुकुवा गर्ने मिति २०७९-०९-२६ को कार्यपालिकाको बैठकबाट निर्णय गरेको र मिति २०७९-०९-२८ मा बैकं ग्यारेन्टी नं.014GTPB220030001 फुकुवाको लागि सिद्धार्थ बैक लाई पत्रचार गरेको देखियो । पालिकाले आय ठेक्कालाई थप व्यवस्थित बनाउनु पर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५.५ | | | **मू.अ.कर र आयकर फरक राजस्व शिर्षकमा दाखिला भएको-** एकिकृत आर्थिक संकेत वर्गीकरण र व्याख्या २०७४ मा राजस्व संकेत वर्गीकरण र व्याख्या गरेको छ । जस अनुसार बेदर्तावालबाट गर्ने संकलन गरि दाखिला गर्नुपर्ने राजश्व शीर्षक न ३३३१७ मा मू.अ.कर र अग्रिम आयकर राजश्व शीर्षक न ११११११ मा दाखिला हुनु पर्दछ । पालिकाबाट लमही–८, राप्ती नदी खयरभट्टी घाट को नदि जन्य पद्धार्थको बिक्रीको लागि सम्झौता गरिएको माल्टी सप्लायर्स प्रा.लि उल्लेखित राजस्व शिर्षकमा राजस्व दाखिला गर्नुपर्नेमा फरक राजस्व शिर्षका रकम दाखिला गरेकोले सम्वन्धित राजस्व शिर्षकमा दाखिला भएको जनाई समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.<br><br>विवरण / भएको राजस्व शिर्षक / हुनुपर्ने राजस्व शिर्षक / रकम रु.<br>बेदर्तावालबाट संकलनहुने मू.अ.कर. / ११११११ / ३३३१७ / ६७२७५०<br>अग्रिम आयकर / ३३३१७ / ११११११ / ७७६२५<br> / / जम्मा / ७५०३७५ | ७५०,३७५ |
| १५.६ | | | **आन्तरिक आय र केन्द्रीय अनुदानबाट खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br><br>केन्द्रिय अनुदानबाट खर्च / आन्तरिक आय / आन्तरिक आय प्रतिशत<br>५१९३१८००० / ९५३४५००३ / १८.३५<br><br>उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १८.३५ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| १६ | | | **शैक्षिक व्यवस्थापन तर्फ - यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् -** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६.१ | | | **विद्यालयको अनुगमन नियमन व्यवस्था -** पालिकाले आफ्नो क्षेत्र भित्र संचालित विद्यालय अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने,मापदण्ड बमोजिम अनुगमन गर्नुपर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेकोमा सो गरेको छैन् । पालिकाले विद्यालयको अनुगमन नियमनको व्यवस्था गरी आफ्नो अन्तर्गतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनु पर्ने देखिन्छ । | |
| १६.२ | | | **विद्यालयगत निकासा खाताः** कार्यालयले विद्यालयलाई दिएको त्रैमासिक निकासाको विद्यालयगत निकासा अभिलेख खाता राखेको हुनु पर्दछ । कार्यालयले विद्यालयगतलाई दिएको निकासाको विद्यखलयगत निकासा अभिलेख खाता राखेको देखिएन । यसबाट विद्यालयलाई दोहोरो निकासा हुने जोखिम रहन्छ । अतः विद्यालयगत निकासा खाता राखि दोहोरो निकासाको जोखिम नियन्त्रण गरिनु पर्दछ । | |
| १६.३ | | | **सामुदायीक विद्यालयको गुणस्तर -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकाय सामुदायीक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । पालिकाले आ. व. २०७८।७९ मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिबेदन कार्यालयसंग देखिएन । पालिकाले आफ्नो अन्तर्गतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनु पर्ने देखिन्छ । | |
| १७ | | | **वडा कार्यालयवाट खरिद –**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्नुपर्ने व्यवस्था छ । वडा खरिदको नमुना छनौट गरी परीक्षण गर्दा वडा सञ्चालनको लागि आवश्यक सामग्री वडा सचिव आफैले माग फारम तयार गर्ने, खरिद आदेश दिने र वडाको छुट्टै जिन्सी खातामा प्रविष्टी गर्ने, दाखिलामा जिन्सी सम्बन्धी आवश्यक स्पेशिफिकेशन नखुलाइ जिन्सी आम्दानी गर्ने र कार्यालयले सोही बमोजिम विल भुक्तानी गर्ने गरेको पाइयो । बजेट संचालन गर्ने निकायवाट सामग्री खरिद गरी मुल जिन्सी अभिलेखमा चढाई हस्तान्तरण मार्फत वडा कार्यालयमा दिनुपर्ने र वडाले आफूले प्राप्त गरेको जिन्सी सहायक जिन्सी खातामा आम्दानी गर्नुपर्नेमा सो नगरेको कारण एकीकृत जिन्सी अभिलेख तयार भएको देखिएन । यसमा सुधार हुनुपर्दछ। | |
| १८ | | | **प्रकोप र कोभिड व्यवस्थापन कोष तर्फ – यस सम्बन्धमा निम्न व्यहोरा देखिएको छ -** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१८.१</td><td></td><td></td><td>आय-व्यय विवरण – यस पालिका अन्तर्गत संचालित लमहि नगरपालिका प्रकोप व्यवस्थापन कोष लागत सहभागिताको लागि छिमेकी गाउँपालिकाहरुबाट समेत बजेट प्राप्त भएको छ । कार्यालयले पेश गरेको विवरण अनुसार यस कोषको आय-व्यय विवरण देहायअनुसार रहेको छ -<br>
<table>
<tr><th>आय तर्फ</th><th>रकम रु.</th><th>व्यय तर्फ</th><th>रकम रु.</th></tr>
<tr><td>क) गतवर्षको जिम्मेवारी</td><td>७६३५११९५.४३</td><td>विविध खर्च</td><td>५८७३५०८</td></tr>
<tr><td>ख) राप्ती गाँउपालिकाबाट प्राप्त बजेट</td><td>१६०००००</td><td>मौज्दात</td><td>४९६१६८७.४३</td></tr>
<tr><td>ग) राजपुर गाँउपालिकाबाट प्राप्त बजेट</td><td>१६०००००</td><td></td><td></td></tr>
<tr><td>जम्मा</td><td>१०८३५११९५.४३</td><td>जम्मा</td><td>१०८३५११९५.४३</td></tr>
</table></td><td></td></tr>
<tr><td>१८.२</td><td></td><td></td><td>लमही अस्पताल विकास समिति - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ (६) अनुसार स्वीकृत रकम खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । पालिकाले पेश गरेको विवरण अनुसार आ व २०७८।२०७९ मा लमही अस्पताललाई समानीकरण चालु तर्फ रु ८९,४३,००५ अनुदान उपलव्ध गराएकोमा सो को खर्चको फांटवारी अस्पताल तर्फनै रहने र आयव्यय विवरण एवं लेखापरीक्षण प्रतिवेदन समेत पेश हुन नआएकोले लेखापरीक्षण गराइ प्रतिवेदन पेश हुनु पर्दछ।</td><td></td></tr>
<tr><td>१८.३</td><td></td><td></td><td>जोखिम आंकलन र पूर्व तयारी:- कार्यालयले कोभिड महामारी नियन्त्रणका लागि, आकलन गरी पूर्व तयारी र महामारी पछि नियन्त्रण तथा रोकथामका लागि कार्ययोजना बनाएको हुनुपर्दछ । कार्यालयले स्वास्थ्य शाखा प्रमुखको संयोज्वकत्वमा क्वारेन्टीन संचालक समिति, नगर प्रमुखको संयोजकत्वमा नगरस्तरीय क्वारेन्टीन समिति तथा नगरस्तरीय सी सी एम सी सी उल्लेख गरेको भएतापनि कोभिड महामारीबाट हुने जोखिम आंकलनका लागि तथा महामारी पछि नियन्त्रण र रोकथामका लागि कार्ययोजना बनाएको देखिएन ।</td><td></td></tr>
<tr><td>१८.४</td><td></td><td></td><td>गतवर्षको भुक्तानी - आर्थिक कार्यविधि वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र आन्तरिक लेखापरीक्षकबाट श्रावण सात गतेभित्र भुक्तानी बाँकीको बिबरण म.ले.प.फा.नं.२२१ प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । पालिकाले आ.व. २०७७।७८ मा रु. ५३७०४२९ भुक्तानी दिन बाँकी रहेको बिबरण नराखी यो बर्ष २०७८।७९ भुक्तानी दिएको छ । भुक्तानी दिन बाँकिको निर्णय बेगर बजेटमा समेत व्यवस्था नगरि आर्थिक बर्षभरि भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.</td><td>५,३७०,४२९</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | गो.भौ.नं.।मिति | भुक्तानी प्राप्त गर्नेको नाम | भुक्तानी प्रयोजन | भुक्तानी रकम रु. | |
| | | | ३। २०७८-०६-११ | होटल ए वन लभ्ली स्टार | २०७७।०७८ मा पालिका स्तरिय कोभिड अस्पतालमा खाना खुवाएको | ६,३२,००२ | |
| | | | ३। २०७८-०६-११ | श्रीराम डिजल्स प्रा.लि. | आ.व. २०७७।०७८ मा पालिका स्तरिय कोभिड अस्पतालमा संचालनमा रहेका सवारी साधनमा इन्धन उपलब्ध गराए वापत | ६८,५३४ | |
| | | | ५। २०७८-०६-११ | ठाकुर प्रसाद भट्टराइलाइ | गत आ.व.को आइशोलेसन सेन्टर निर्माण तथा संचालन खर्च भुक्तानी | ८९,४८८ | |
| | | | ६। २०७८-०६-१३ | होटल ए वन लभ्ली स्टार | २०७७।०७८ मा पालिका स्तरिय कोभिड अस्पतालमा खाना खुवाएको | १,३३,५९९ | |
| | | | १०। २०७८-०९-२६ | एभरेष्ट मेडिको फर्मा<br>शिशिर मेडिको फर्मा | कोभीड अस्पतालको लागी आवस्यक औषधी खरिद गरे वापत आवस्यक औषधी खरिद गरे वापत | २,०३,४८७<br>७,१८,२८३ | |
| | | | ११। २०७८-०९-२६ | एन.के. इलेक्ट्रोनिक्स | कोभिड अस्पताल संन्चलन गर्दा एसि जडान गरेवापतको | २,२३,९९९ | |
| | | | १२। २०७८-१०-१० | फ्लोरेन्स हस्पिटल प्रा.लि.<br>पुष्प भुसाल | डक्टर लाइ संचार खर्च र औषधी खरिद गरे वापतको रकम भुक्तानी | ८४९४<br>१५००० | |
| | | | १५। १०७८-१०-२३ | अर्जुन फेन्सी पसल<br>पन्थी शु सेन्टर<br>बिन्दवासिनी सर्भिस सेन्टर | अस्पताल संन्चालन गर्दा खरिद गरेको विभिन्न समानको विल बमोजिमको रकम भुक्तानी | ७,८८०<br>६४,९७०<br>१८,७३४ | |
| | | | १६। २०७८-१०-२३ | सुरज किराना पसल | HDU HOSPITAL अस्पताल संन्चालन गर्दा लागेको खर्च रकम भुक्तानी | २,८५,०५० | |
| | | | १७। | बिन्दवासिनी मेडिको कन्सर्न | HDU HOSPITAL औषधिजन्य सामाग्रिको विल बमोजिमको रकम | ४,३०,९४५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | २०७८-१०-२३ | | | | |
| | | | १९।<br>२०७८-१०-२५ | देउखुरी उद्योग वाणिज्य संघ | एम्बुलेन्स भाडामा | ४६००० | |
| | | | २१।<br>२०७८-११-०१ | एभरेष्ट मेडीको फर्मालाइ भुक्तानी गरियो । | HDU HOSPITAL संन्चालन गर्दा खरिद गरेको औषधी जन्य सामाग्रीको रकम भुक्तानी | १७,७७,८८<br>३ | |
| | | | २५।<br>२०७८-११-१० | लमहि फार्मेसी | संन्चालन गर्दा खरिद गरेको औषधीको भुक्तानी | ३४५०० | |
| | | | २८।<br>२०७८-११-२३ | हाम्रो राम्रो डेकोरेशन एण्ड सप्लायर्स | HDU HOSPITAL संन्चालन गर्दा खरिद गरेको सामानको रकम भुक्तानी | ६५,९९२ | |
| | | | २९।<br>२०७८-११-२३ | आवश्यकता इलेक्ट्रीक पसल | HDU HOSPITAL संन्चालन गर्दा खरिद गरेको सामानको रकम भुक्तानी | २९,८७७ | |
| | | | ४३।<br>२०७९-०२-१७ | विभिन्न २० वटा फर्म | देउखुरी पालिका स्तरिय कोभिड अस्पताल सञ्चालन गर्दा भएका विभिन्न खर्च वापतको रकम भुक्तानी | ५१५७२१ | |
| | | | | | जम्मा | ५३७०४२९ | |
| १८.५ | | | **जिन्सी सामग्रीको अभिलेख** - प्रकोप व्यवस्थापन कोष मार्फत अस्पताल व्यवस्थापनको लागि खरिद गरेको विभिन्न जिन्सी सामाग्री खरिद गरिएका सामानहरु PAMS(Public Assets Management System) मार्फत गरेको देखिएन। अतः के कति मात्रमा जिन्सी सामाग्री गरेको हो एकिन गर्न सकिएन् । खरिद सम्बन्धि कार्य अनिवार्य रुपमा PAMS(Public Assets Management System) मार्फत गरी जिन्सी व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ। | | | | |
| १८.६ | | | **प्रकोप आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर नगरपालिकाले यस वर्ष आगलागी पिडित, बाढी पहिरो पिडित,दिर्घकालीन रोग बाट पिडित लगायतको आर्थिक सहायता वापत कार्यपालिकाको निर्णयबाट प्रकोप व्यवस्थापन कोषबाट २८ जनालाई रु.३४२५०० वितरण गरेका छ । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८.७ | | | **बार्षिक प्रतिवेदनः** विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ४५ मा स्थानीय विपद व्यवस्थापन समितिले प्रत्येक आर्थिक बर्षमा गरेको कामको बिवरण सहितको बार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद व्यवस्थापन समिति तथा प्रदेश विपद व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ।पालिकाले कामको विवरण सहितको बार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको पाइएन।ऐनमा भएको व्यवस्था पालना हुनुपर्दछ। | |
| १९ | | | **खरिद कारवाही अभिलेख –**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरुलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राख्ने गरेको, लेखापरीक्षणले माग गरेको खरिद सम्बन्धी सम्पूर्ण विवरणहरु प्राप्त हुन नसकेको अवस्था छ । अतः नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ । | |
| २० | | | **बार्षिक खरिद योजना/गुरुयोजना :**<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यसबर्ष पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.३२३७५६५७६ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । कार्यालयले बार्षिक खरिद योजना छ तर सोही अनुरुप कार्यान्वयनमा आएको देखिएन । त्यस्तै कार्यालयले खरिद गुरुयोजना बनाएको छैन ।अतः पालिकाले नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई खरिद कार्य व्यवस्थित र प्रभावकारी हुने गरी कार्यान्वयन गर्नुपर्दछ । | |
| २१ | | | **पेश्की व्यवस्थापन - यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् -** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१.१ | | | **मोबिलाइजेशन पेश्की** - आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ अनुसार कार्यालयले विभिन्न निर्माण व्यवसायीलाई रु. १८८३७६८ मोविलाइजेशन पेश्की दिएकोमा सो पेश्की नियम ५२(३) अनुसार म्याद नाघेको छैन । तोकिएको समयमा नै कार्य सम्पन्न गरी पेश्की फछ्यौट गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |

| गौ.भौ.नं.। मिति | पेश्की लिने निर्माण व्ययवसायीको नाम | रकम | प्रयोजन | पेश्की लिएको मिति |
|---|---|---|---|---|
| 144।२०७९/०१/१४ | देउखुरी कन्स्ट्रक्सनप्रा. लि. | १,४८,००० | भवन निर्माण | २०७९/०१/१४ |
| २०७।२०७९/०२/२७ | काजी एण्ड ब्रदर्स बिल्डर्स प्रा.लि | २,४४,५७६ | भवन निर्माण | २०७९/०२/२७ |
| २५८।२०७९/०३/१३ | काजी एण्ड ब्रदर्स बिल्डर्स प्रा.लि. | २,४४,५७६ | भवन निर्माण | २०७९/०३/१३ |
| ३६९।२०७९/०३/२४ | सि. ब्रदर्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली. | १,२९,४२८ | भवन निर्माण | २०७९/०३/२४ |
| ३७०।२०७९/०३/२४ | सि. ब्रदर्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली. | १,१७,१८८ | भवन निर्माण | २०७९/०३/२४ |
| ३८९।२०७९/०३/२४ | भिजन निर्माण सेवा | १०,००,००० | भवन निर्माण | २०७९/०३/२४ |
| | जम्मा | १८८३७६८ | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२१.२</td><td></td><td></td><td>पेश्की बाकीँ - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(४) अनुसार पेश्की लिने व्यक्ती वा संस्थाले काम सम्पन्न भएको पन्ध्र दिनभित्र आफूले सम्पन्न गरेको कामको सम्बन्धमा खर्च प्रमाणित गर्ने आवश्यक विल भरपाई र कागजात सहितको प्रतिवेदनको आधारमा पेश्की फछ्यौट गर्नुपर्ने उल्लेख छ ।कार्यालयले पेश गरेको विवरण अनुसार निम्न कर्मचारी र संस्थालाई गएको पेश्की फछ्यौट हुनुपर्ने रु.<br>
<table>
<tr><th>गौ.भौ.नं.। मिति</th><th>पेश्की लिनेको नाम</th><th>पद</th><th>रकम</th><th>प्रयोजन</th><th>पेश्की लिएको मिति</th></tr>
<tr><td>२।२०७८/०२/२३</td><td>शिवराज न्यौपाने</td><td>अधिकृत छैंठौ</td><td>१,१०,०००</td><td>अौषधि भण्डारको लागि दराज</td><td>२०७८/०४/०१</td></tr>
<tr><td>१८९।२०७८/०६/२०</td><td>सिमा चौधरी</td><td>स क अ</td><td>२०,०००</td><td>पानी तथा बिजुली</td><td>२०७८/०६/२०</td></tr>
<tr><td>३२३।२०७८/०८/२३</td><td>मधुसुदन के.सि.</td><td>हल्का सवारि चालक</td><td>५०,०००</td><td>सवारी साधन मर्मत खर्च</td><td>२०७८/०८/२३</td></tr>
<tr><td>५१६।२०७८/११/१३</td><td>रविन्द्र जि.सी.</td><td>युवा क्लव अध्यक्ष</td><td>२५,०००</td><td>नगर स्तरिय मेयर कप खेलकुद प्रतियोगिता</td><td>२०७८/११/१३</td></tr>
<tr><td>१००४।२०७९/०३/१२</td><td>गंगा बहादुर कुमाल</td><td>का स</td><td>१५,०००</td><td>कर्मचारी प्रोत्साहन तथा पुरस्कार</td><td>२०७९/०३/१२</td></tr>
<tr><td>१३००।२०७९/०३/२५</td><td>रविन्द्र क्षेत्री</td><td>अधिकृत नवौं</td><td>४,५०,०००</td><td>शैक्षिक अवलोकन भ्रमण (विद्यार्थीहरु सामुदायिक)</td><td>२०७९/०३/२५</td></tr>
<tr><td>१३०२।२०७९/०३/२५</td><td>भवानी गिरी</td><td>अधिकृत छैंठौ</td><td>१,५०,०००</td><td>अभिभावक शिक्षक तालिम सञ्चालन</td><td>२०७९/०३/२५</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>८२००००</td><td></td><td></td></tr>
</table></td><td>८२०,०००</td></tr>
<tr><td>२२</td><td></td><td></td><td>यातायात गुरुयोजना निर्माण -<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नु पर्ने ब्यवस्था छ। पालिकाले यातायात गुरुयोजना निर्माण वापत आयाम इन्जीनियरिङ्ग रिसर्च एण्ड कन्सल्टेन्सी प्रा.लि. लाई रु १९८३१५० भुक्तानी भएकोमा सोको Reimbursible Item मा यातायात, अपिस भाडा, संचार खर्च, इक्वीमेन्ट आदि वापत रु १६५००० र सोको मु.अ.कर २१४५० समेत जम्मा रु १८६४५० भुक्तानी भएकोले सोको विल भरपाई संलग्न नरहेकोले उक्त रकम असुल हुनुपर्ने रु.</td><td>१८६,४५०</td></tr>
<tr><td>२३</td><td></td><td></td><td>सोझै खरिद र डि.पी.आर. खर्च - यसमा निम्न व्यहोराहरु देखिएको छ</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३.१ | | | **सोझै खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रू. १० लाखसम्मको खरिद कार्य सोझै खरिद गर्न सकिने व्यवस्था छ ।त्यस्तै सोझैखरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासँग एक पटकभन्दा बढी सोझैखरिद गर्न नहुने उल्लेख छ । पालिकाहरूले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपाइएको निम्नानुसार रू.२७१२५३१ को सोझै खरिद गरेको रू. | २,७१२,५३१ |

| **भौ.नं. मिति** | **आपूर्तिकर्ताको नाम** | **प्रयोजन** | **रकम** |
|---|---|---|---|
| १०९-२०७८।६।१२ | ईविल कन्सन | कार्यालय सामग्री | १०५०९० |
| ११९-२०७८।६।१२ | वैकल्पीक अफसेट प्रेस एण्ड आर्ट | कार्यालय सामग्री | ४५२४२३ |
| ५५२-२०७८।११।२६ | अक्सफोर्ड कम्प्युटर तथा ट्रेनिङ एकेडेमी | कम्प्युटर जन्य सामग्री | २०३०४५ |
| ७९५-२०७९।२।५ | राप्ती स्टेशनरी एण्ड वुक्स सेन्टर | मसलन्द तथा कार्यालय सामग्री | ४९४७२५ |
| ५०-२०७८।५।३० | जियो इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | कन्ट्रोल प्वाइन्ट | ४८००२४ |
| ३४१-२०७८।८।२३ | फोरसाइट टेक्नो ट्रेडर्स एण्ड सप्लायर्स प्रा लि | कन्ट्रोल प्वाइन्ट | ४९७२०० |
| ३४१-२०७८।८।२३ | चितवन ईन्जिनियरिङ सोलुसन प्रा लि | कन्ट्रोल प्वाइन्ट | ४८००२४ |
| | | **जम्मा** | २७१२५३१ |

| | | | | |
|---|---|---|---|---|
| २३.२ | | | **डी.पी.आर. खर्च** –बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| क्र. सं. | कार्यक्रमको नाम | परामर्शदाता | स्वीकृत बजेट | खर्च रकम |
|---|---|---|---|---|
| १ | यातायात गुरुयोजना निर्माण | आयाम इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा लि | 2000000 | 1983150 |
| २ | ट्रेकिङ्ग रोड अजम्बरि सामुदायिक बन देखि शितलापुर सम्म | इम्पेरिकल इन्जिनियरिङ्ग कन्सल्टेन्सी | 1000000 | 965000 |
| ३ | राप्ति तटिय क्षेत्रको बहुउपयोगी सम्भाव्यता अध्ययन | क्लिक कन्सल्ट प्रा लि | 2000000 | 1946990 |
| ४ | रनियापुर राजापुर जोड्ने सानो नदिमा पक्की पुल वडा नं. 2 र जखेरा प्रेम ताल जोड्ने मुसुण्डी खोलामा पक्की पुल वडा नं.3 | डिप इन्जिनियरिङ्ग कन्सल्ट एण्ड रिसर्च प्रा लि | २000000 | १९६५०७० |
| ५ | धर्मशाला DPR | शब्दइन्जिनियर्स ग्रुप प्रा लि | 1000000 | 998679 |
| ६ | बसन्तपुर शितलापुर सडक DPR | जियोम्याक्स कन्सल्ट प्रा लि | 2000000 | 1949250 |
| ७ | १०० शैयाको अस्पताल निर्माणको डि.पी.आर. | मनलाईट सिभिल सोलुसन प्रा. लि. | १२००००० | ११९७७६० |
| | | **जम्मा** | **११२००००००** | **११००५८९९** |

डि.पि.आर. निर्माण गर्दा नगरपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा नगरपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका कतिपय आयोजनाहरू कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२४</td><td></td><td></td><td>मू.अ.कर कट्टी नभएको -<br>आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ ।आ.व.२०७७।७८ को बजेट भाषण पश्चात यस्तो व्यवस्था मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले गो.भौ.नं. ३२७ - २०७९। ०३।२३ – लमही अस्पतालको लागी हेमाटोलोजी सिस्टम (५ पार्ट) खरिद वापत एभरेष्ट मेडिको फर्मा लमहीलाई रु ८७३५०० को १३ प्रतिशतले हुने मु.अ.कर रु ११३५५५ मा ३० प्रतिशतले हुने रु ३४०६६ कट्टा गर्नुपर्नेमा पुरै रकम दाखिला भएकोले उक्त रकमको मु.अ.कर समायोजन पेश हुनुपर्ने रु.</td><td>११३,५५५</td></tr>
<tr><td>२५</td><td></td><td></td><td>ननफाइलर सगँ खरिद -<br>आयकर ऐन, २०५८ को दफा ९८ अनुसार आयकर दर्ता भएका प्रत्येक ब्यक्ती/ ब्यवसायीले आय वर्ष समाप्त भएको ३ महिना भित्रका सो वर्षको आय विवरण आन्तरिक राजश्व विभागले तोकेको स्थानमा दाखिला गर्नु पर्ने वयवस्था छ । कार्यालयले देहायको निर्माण व्यवसायीसँग खरिद कार्य गरेकोमा उक्त निर्माण व्यवसायी मू.अ.कर नबुझाई NonFiler रहेको देखियो । यसरी ब्यवसायिक कारोबार गर्ने तर आय विवरण दाखिला नगर्दा आयको चुहावट हुने भएकोले NonFiler भएका ब्यवसायीबाट कारोबार गर्ने कार्य नियन्त्रण हुनु पर्दछ । साथै देहाय अनुसार कारोबार भएका NonFiler ब्यवसायीहरुलाई आयकर ऐन, २०५८ को दफा ११७ बमोजिम कारवाहीकालागी सम्बन्धित राजश्व कार्यालयमा लेखि पठाउनु पर्ने देखिन्छ । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रू.
<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>विजक नं।मिति</th><th>नन्फाइलर रहेको मिति</th><th>भुक्तानी रकम (मू.अ.कर वाहेक)</th><th>मूअकर कर रकम</th></tr>
<tr><td>१२।२०७८-१२-०१</td><td>सिजल निर्माण सेवा</td><td>६०२३०३९६७</td><td>०८।२०७८-१२-०१</td><td>2078/M/10</td><td>१६७६६२९.४८</td><td>२१७९६१</td></tr>
<tr><td>३५।२०७९-०२-०५</td><td>सिजल निर्माण सेवा</td><td>६०२३०३९६७</td><td>१०।२०७९-०२-०५</td><td>2078/M/10</td><td>८०६५६१.६७</td><td>१०४८२७</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>२४८३१९१.१५</td><td>३२२७८८</td></tr>
</table></td><td>३२२,७८८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२६</td><td></td><td></td><td>कर विजक संलग्न नरहेको -<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नु पर्ने ब्यवस्था छ। पालिका बाट देहायको कारोबारको भुक्तानी भएकोमा सोको कर विजक संलग्न नरहेकोले सोको विजक एवम् मु.अ.कर समायोजनको प्रमाण पेश हुनुपर्ने रु.<table>
<tr><th>गो.भौ.नं.।मिति</th><th>कारोवारको व्यहोरा</th><th>विजक रकम रु.</th></tr>
<tr><td>३९० - २०७९।०३।२४</td><td>ग्रिनपिस पार्कमा मनोरन्जनात्मक निर्माण कार्य वापत सिटी इन्टरप्राइजेज प्रा.ली लाई भुक्तानी</td><td>९९७६११</td></tr>
<tr><td>३२६ - २०७९।०३।२४</td><td>ॐ स्टार अल्मुनियम स्टील एण्ड यु.पि.भि.सी उद्योग बाँकेलाई ग्लेजीङ शिसा निर्माण वापत भुक्तानी</td><td>६४९५२६</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१६५७०३७</td></tr>
</table></td><td>१,६५७,०३७</td></tr>
<tr><td>२७</td><td></td><td></td><td>नगर स्वास्थ्य केन्द्र भवन निर्माण (सिजल निर्माण सेवा ठेक्का नं. 16/2078-79) - सो सम्बन्धि देखिएका व्यहोरा निम्नानुसार छन् –</td><td></td></tr>
<tr><td>२७.१</td><td></td><td></td><td>भवन निर्माण कार्यः कार्यालयले लागत अनुमान मु अ कर समेत रु.९२८८३४५ भएको नगर स्वास्थ्य केन्द्र भवन निर्माण कार्यको सूचना प्रकाशनमा गरेकोमा सबैभन्दा घटी कबोल गर्ने निर्माण व्यवसायी सिजल निर्माण सेवाको कबोल अङ्क रु.५७४३७६१.२० को ठेक्का २०७९।०३।३० सम्ममा सम्पन्न गर्ने गरि २०७८।०९।१६ मा ठेक्का सम्झौता गरेको देखियो। उक्त निर्माण कार्यको कार्यसम्पन्न पश्चात रु.४८१६८६८ भुक्तानी भएको छ । यसमा देहायका व्यहोराहरु देखिएका छन् -</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७.२ | | | खरिदमा सम्झौता कार्यान्वियनको अवस्थाः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा देहायका कार्यहरु गर्नु पर्ने व्यवस्था रहेकोमा उल्लिखित कार्यहरु गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ ।<br><br>· क) खरिद सम्झौता भएपछि सम्बन्धित निर्माण व्यवसायीसंग आवश्यकतानुसार पोष्ट बिड कन्फ्रेन्स गर्नु पर्ने<br><br>· ख) सम्झौता कार्यान्वियनको कार्ययोजना र कार्यतालिका तयार गर्ने<br><br>· ग) सम्झौता प्रशासन कार्य योजना अनुसार खरिद सम्झौताकौ कार्य योजनाको प्रगति अनुगमन, गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्ने<br><br>· घ) निर्माण व्यवसायीलाई निर्माण कार्यस्थल सुम्पने कार्य<br><br>· ङ) बजेट र लागत लेखा (कस्ट एकाउन्टीङ्ग) को पक्ष लगायत सम्झौता कार्यान्वियनको वित्तीय व्यवस्थापन पक्षको व्यवस्थापन गर्ने<br><br>च) सम्झौता कार्यान्वियनको आवधिक प्रतिदन एक तहमाथीको अधिकारी समक्ष पेश गर्ने | |
| २७.३ | | | **क) विमा नगरेको -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेह १० लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेशिन औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन गर्ने खर्च, निर्माण व्यवसायीले निर्माणस्थलमा ल्याएको आफ्नो उपकरण, त्रुटी सच्याउने अवधिको जोखिम, कुनै कर्मचारीलाई चोटपटक लागेमा वा निजको मृत्यू भएमा हुने जोखिमसमेतको बीमा गराउनु पर्ने व्यवस्था छ । कार्यालयले उक्त निर्माण योजना बोलपत्रबाट खरिद गर्दा लागत अनुमान तथा ठेक्काको सम्झौतामा विमाको व्यवस्था गरेको छैन । खरिद सम्झौताको शर्तमा बिमाको प्रावधान अनिवार्य गर्दै भविश्यको जोखिम न्यूनीकरणका गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।<br><br>**ख)गुणस्तर परीक्षण नगरेको -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११५ को १ अनुसार खरिद भएका मालसामानहरु प्राविधिक स्पेशिफिकेशन बमोजिम भए नभएको परीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले उक्त निर्माण योजना बोलपत्रबाट खरिद गर्दा लागत अनुमान तथा ठेक्काको सम्झौतामा ल्याब टेस्टको व्यवस्था गरेको छैन । खरिद सम्झौताको गुणस्तर परीक्षणको प्रावधान अनिवार्य गर्दै निर्माण कार्यको गुणस्तर कायम गर्न पालिकाले ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७.४ | | | **रित पूर्वकको कर विजक** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले उक्त निर्माण कार्यको गो.भौ.नं.९०।२०७९-०३-२४ बाट रित पूर्वकको कर वीजक (विजक केरमेट र अक्षरमा रकम नलेखेको ) नभएको सिजल निर्माण सेवाको विजक नं. १३।२०७९-०३-३० को मु.अ.कर रु २२५६१० समेत रु.२०११०८८ को निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु. | २२५,६१० |
| २७.५ | | | **कार्य सम्पन्न प्रतिवेदन:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ को उपनियम २ अनुसार निर्माण कार्य सम्पन्न भई त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गराउनु पर्ने व्यवस्था छ । तर कार्यालयले त्रुटी सच्याउने अवधि समाप्त नहुँदै अन्तिम बील भुक्तानी कै समयमा कार्य सम्पन्न ।कार्य सम्पन्न प्रतिवेदन तयार गरेकोले निर्माण व्यवसायीलाई अनुचित लाभ पुग्न सक्ने देखिन्छ । अत: निर्माण कार्यको त्रुटि सच्याउने अवधि समाप्त पश्चात मात्र कार्यसम्पन्न प्रतिवेदन बनाइनु पर्दछ । | |
| २८ | | | **उपभोक्ता समिती मार्फत कार्य - यस सम्बन्धमा देहायका व्यहोरा देखिएको छ -** | |
| २८.१ | | | **उपभोक्ता समिति मार्फत जटिलसंरचना निर्माण** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले पक्कीनाला, भवन, कल्भर्ट लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् : | |



https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>क्र.स.</th><th>गो.भौ.नं. र मिति</th><th>कार्यक्रमको नाम</th><th>रकम</th></tr>
<tr><td>१.</td><td>४२३-०७९/०३/२५</td><td>पक्कीनाला निर्माण</td><td>१४५४२६८</td></tr>
<tr><td>२</td><td>४२५-०७९/०३/२५</td><td>पक्कीनाला निर्माण</td><td>४८३६८१</td></tr>
<tr><td>३</td><td>३९६-०७९/०३/२५</td><td>पक्कीनाला निर्माण</td><td>१३१९७३०</td></tr>
<tr><td>४</td><td>३६७-०७९/०३/२४</td><td>पक्कीनाला निर्माण</td><td>१९३७३००</td></tr>
<tr><td>५</td><td>३३८-०७९/०३/२४</td><td>कल्भर्ट निर्माण</td><td>९६९२०८</td></tr>
<tr><td>६</td><td>३२३-०७९/०३/२३</td><td>पक्कीनाला निर्माण</td><td>१४४७१०९</td></tr>
<tr><td>७</td><td>३३४-०७९/०३/२४</td><td>नाला निर्माण</td><td>६७७४११</td></tr>
<tr><td>८</td><td>३१६-०७९/०३/२२</td><td>कल्भर्ट निर्माण</td><td>१६५६७९०</td></tr>
<tr><td>९</td><td>२७६-०७९/०३/१६</td><td>पक्कीनाला निर्माण</td><td>९७००००</td></tr>
<tr><td>१०</td><td>२७४-०७९/०३/१६</td><td>पक्कीनाला निर्माण</td><td>६७९०००</td></tr>
<tr><td>११</td><td>२६२-०७९/०३/१४</td><td>पक्कीनाला निर्माण</td><td>९९५२१४</td></tr>
<tr><td>१२</td><td>२३१-०७९/०३/०७</td><td>पक्कीनाला निर्माण</td><td>१३५६९०९</td></tr>
<tr><td>१३</td><td>४३७-०७९/०३/२५</td><td>पक्कीनाला निर्माण</td><td>१४५५०००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१५४०१६२०</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८.२ | | | **लागत सहभागिता**— पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| २८.३ | | | **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| २९ | | | **सवारीसाधन एवं हेभी इक्वीपमेन्ट -**<br>नगरपालिकाले उपलब्ध गराएको विवरण अनुसार नगरपालिकामा ३ वटा जिप, १ थान कार, ३ थान ट्रिपर, ३ थान ट्रक्टर, १ दमकल र २ थान ब्याकहो लोडर रहेको उल्लेख छ । नगरपालिकामा पर्याप्त मात्रामा हेभी इक्वीपमन्ट रहदा समेत उक्त उपकरणहरु बाट उल्लेख्य आम्दानी भएको देखिएन । कन्द्रीय अनुदान र आन्तरिक आय बाट प्राप्त रकमलाई आवश्यकता पहिचान वेगर र लाभ लागत विश्लेषण वेगर सवारीसाधन एवं हेभी इक्वीपमेण्ट खरिदमा खर्च गर्दा प्राथमिकता प्राप्त आयोजनाका लागी बजेटको अभाव र जनताको आवश्यकता पूर्तिमा कमि आउने हुँदा नगरपालिकाले सो सम्बन्धमा ध्यान दिनुपर्दछ। | |
| ३० | | | **टिप्पर खरिद र आम्दानी -**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ (६) अनुसार स्वीकृत रकम खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । नगरपालिकाले यसवर्ष सिप्रदि ट्रनिङ्ग प्रा.लि. बाट २ थान ट्रिपर खरिद गरी १२७०००००० भुक्तानी गरेको छ । ट्रिपर खरिदको प्रयोजन उल्लेख नभएतापनि आफ्नो क्षेत्रको नदिजन्य पदार्थ संकलन तथा विक्रिवितरण गर्न खरिद गरेको नगरपालिकाले जनाएको छ । २०७८ फागुन महिनामा खरिद गरे पश्चात करिव ४ महिनाको अवधिमा उक्त ट्रिपर बाट प्राप्त भएको आम्दान रु.16000 मात्र रहेको देखिन्छ । खरिद प्रयोजनलाई पुष्टि हुने गरी आय आम्दानी बढाउन नगरपालिकाले आवश्यक पहल गर्नुपर्दछ । | |
| ३१ | | | **स्वास्थ्य तर्फ - यसमा देखिएका व्यहोरा निम्नानुसार छन् -** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१.१ | | | **औषधी खरिद** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर यस स्थानीय तहले विभिन्न औषधि शिलबन्दी दरभाउपत्र, कोटेशन विधिबाट हेलपीङ्ग हेल्थ पोलिक्लिनिक प्रा.लि. र एभरेष्ट मेडिको फर्मा सँग रु.३८९४६९४ को औषधि खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नुसार छनः<br><br>• खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,<br>• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,<br>• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।<br>• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,<br>• औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।<br>• तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ३१.२ | | | **प्रगति प्रतिवेदन** - कार्यालयबाट सञ्चालित विभिन्न तालिम कार्यक्रमहरुको प्रगति प्रतिवेदन तयार गरी लक्ष्य अनुसारको प्रगति हासिल गर्नु पर्दछ । कार्यालयले नेपाल सरकार सशर्त कार्यक्रम स्वास्थ्य तर्फ सञ्चालित अधिकांश तालिम कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरेको छैन ।जसबाट भएको खर्च र कार्यक्रम विच तादात्म्यता भएको छ भनी आश्वस्त हुन सकिएन। | |
| ३२ | | | **सामाजिक सुरक्षा - यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् -** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२.१ | | | **तथ्यांक अध्यावधिक :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को बुँदा ३२ अनुसार विभागले स्थानीय तहमा सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न स्थानीय तह, विभाग र बैङ्क तथा वित्तीय संस्थाबीच प्रणालीगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाईं प्रभावकारी र पारदर्शी बनाउन केन्द्रीकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याउने र उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुने उल्लेख छ । कार्यालयले प्रत्येक वर्ष सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको तथ्याङ्क, कार्यविधि बमोजिम अद्यावधिक गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्नेमा प्रथम चौमासिकको एम.आई.एस. अध्यावधिक तथ्याङ्क लेखापरीक्षणको क्रममा पेश गरेको छैन ।कार्यविधि बमोजिम कार्यालयले केन्द्रीकृत व्यवस्थापन प्रणालीमा सूचना अद्यावधिक गर्नुपर्दछ । | |
| ३२.२ | | | **पारदर्शिताः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को बुँदा ३२ अनुसार आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरू सम्बन्धी विवरण वडा समितिको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्ने, चौमासिक वा वार्षिक रुपमा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको समीक्षा गर्नुपर्ने, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नामनामेसी स्थानीय तहको वेभसाइटमा राख्नुपर्ने व्यवस्था छ । उप-महानगर पालिकाको निर्णय पुस्तिका तथा वेवसाइट अवलोकन गर्दा उल्लिखित कार्यहरू भएको पाइएन । कार्यविधिको पालना गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |
| ३२.३ | | | **निष्कृय खाताः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को बुदां नं. २४ मा पालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहित बाँकी रकम भए पालिकालाई उपलव्ध गराउनुपर्ने, कुनै लाभग्राहीको लगत कट्टा भएमा लगत कट्टा भएको मिति र पाउने रकम समेतको जानकारी पालिकाले तत्काल बैंकलाई उपलव्ध गराउनुपर्ने र सो जानकारी प्राप्त भएपछि बैंकले लगत कट्टा भएको लाभग्राहीको उक्त मिति पछिको रकम पालिकामा फिर्ता पठाउने तथा बैंकले निष्कृय खाताको विवरण प्रत्येक साउन र माघ महिनाभित्र पालिकालाई दिनुपर्ने व्यवस्था छ ।पालिकाले यसबर्ष बैंक मार्फत रु.१३४६३७०२४ सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ । कार्यालयले सामाजिक सुरक्षा भत्तालाई पेश्की जनाई प्रथम किस्ताको पेश्की फछ्र्योटभएपश्चात दोस्रो र दोस्रो किस्ता फछ्र्योट गरी तेस्रो किस्ता र तेस्रो किस्ता फछ्र्योट भएपश्चात चौथौ निकासा दिई फछ्र्योट गर्नुपर्नेमा बैङ्कलाई निकासा दिएको रकम सोझै खर्च जनाएको छ । सोझै खर्च जनाई सामाजिक सुरक्षा वितरण गर्दा वितरण नभई बाँकी रहेको रकम बैङ्कमा नै रहन सक्ने हुदाँ पेश्की जनाई वितरण भए नभएको एकिन गरी बाँकी रकम फिर्ता गर्नुपर्दछ । | |
| ३३ | | | **पदाधिकारी सुविधा - यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् -** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३.१ | | | **क)स्थानीय तहका पदाधिकारी सुविधा:-** नेपालको संविधानको धारा २२७ मा नगर सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट रु.१२२९८५०० सुविधा भुक्तानी भएको छ ।<br><br>**ख)पदाधिकारी अन्य सुविधाः** आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १ मा बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था रहेको र उपनियम ५ मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने, विल भरपाई आउन नसक्ने काममा खर्च भएको फुटकर खर्चको हकमा खर्च गर्ने कर्मचारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा समर्थन गराई लेखा राख्नुपर्ने व्यवस्था छ । सोही उपनियम ५ को स्पष्टिकरणमा फुटकर खर्च भन्नाले एक पटकमा १ हजार रुपैंया भन्दा कम रकमको टेक्सी रिक्सा भाडा कुल्ली खर्च र दक्षिणा भन्ने उल्लेख छ ।<br>लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७६ को दफा ३,४,५,६,७,८ र ९ संग सम्बन्धित अनुसुची अनुसार स्थानीय तहका पदाधिकारीहरुलाई टेलिफोन तथा मोवाइल,पुस्तक पत्रपत्रिका तथा इन्टरनेट,जनसम्पर्क तथा विशेष कार्यसुविधा मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था अनुसार कार्यालयले नगरपालिकाका पदाधिकारीहरुलाई आर्थिक वर्षमा यातायात सुविधा रु. 3270000 टेलिफोन तथा मोवाइल रु. 1638000 पुस्तक तथा पत्रपत्रिका इन्टरनेट रु. 1584000 समन्वय तथा सहजिकरणमा रु. 2604000 अतिथि सत्कारमा रु. 804000 खानेपानी विजुली सरसफाईमा रु. 240000 समेत रु.१०१४०००० खर्च भुक्तानी गरेको देखियो ।<br>कार्यालयले उल्लिखित अनुसारको रु. १०१४०००० भुक्तानी गर्दा विल भरपाई नराखी एकमुष्ठ मासिक रुपमा भुक्तानी दिने गरेकोले उदेश्य अनुरुप निर्धारित कार्यमा उपयोग भए नभएको यकिन एवं विश्वस्त हुने अवस्था रहेन । अत उद्वेश्य अनुरुप खर्च भएको विश्वस्त हुन सक्ने खर्चको प्रमाण पेश गरिनु पर्दछ । | |
| ३३.२ | | | **कानूनी सल्लाहकार**– लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पद गर्ननहुने उल्लेख छ । तर पालिकाले कानुनी सल्लाहाकार दिपक कुमार रेग्मीलाइ नियुक्ति गरि मासिक रु १५००० का दरले वार्षिक रु २०५००० खर्च लेखेको अनियमित देखिएको रु | २०५,००० |
| ३४ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम - यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् -** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४.१ | | | **रोजगार कार्यक्रम –** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । अधिकाशं निर्माण कार्यको नापी किताब तयार भएको छैन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन ।यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी पारिश्रमिकमा यसवर्ष रु.४५९२३४३ खर्च गरेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ३४.२ | | | **बेरोजगारहरुको लगत संकलन -** प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका,२०७५ को दफा १२ मा स्थानीय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानीय तहको बजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा,कार्यान्वियन,अनुगमन र मुल्याङ्कन गर्ने कार्य स्थानीय तहको हुने उल्लेख छ । त्यस्तै दफा १८ मा रोजगारदाताले प्रत्येक बर्षको चैत्र मसान्त भित्रको म्याद तोकि बेरोजगारहरुको लगत संकलन गर्नुपर्ने र लाभग्राहि परिचयपत्र वितरण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन । सो सम्बन्धमा सुधार हुनुपर्दछ । | |
| ३४.३ | | | **सार्बजनिक सुनुवाई -** निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि बिशेष व्यवस्था गरेको,दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा दुर्घटना बिमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्बन्धित नगरपालिका तथा नगरकार्यपालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्बन्धमा लाभग्राहि समेतको संलग्नतामा बर्षको एक पटक सार्बजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सोको कार्यान्वियब गरेको छैन । यसमा सुधार हुनुपर्दछ । | |
| ३५ | | | **कृषि तथा पशु विकास कार्यक्रम - यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् -** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५.१ | | | **भैसी पकेट कार्यक्रम -** कार्यालयले पशुपंक्षी विकास कार्यक्रम सञ्चालन गर्नुपुर्व कृषकहरुबाट माग संकलन गरी प्रस्तावित मागको आधारमा कार्यक्रम सञ्चालन गर्नुपर्दछ। कार्यालयले यस वर्ष भैसी पकेट कार्यक्रम अन्तर्गत कृषकहरुलाई १५ भैसी र ९ मेसिनरी सामान उपलब्ध गराई ११,००,००० भुक्तानी गरेकोमा वितरण गरेका भैसीहरुको स्वास्थ्य परिक्षण, बिमा, ट्याग र जातिय शुद्धता खुल्ने ब्रिडिङ सर्टिफिकेट समावेश छैन । यसबाट तोकिए बमोजिमको जातिय शुद्धता भएको स्वस्थ्य भैसि खरिद भयो भनी आश्वस्त हुन सकिएन। वितरण गरीएका भैसीहरु निश्चित अवधि सम्म वेचविखन गर्न नपाउने र विउ पूँजीको रुपमा अन्य कृषक समुहहरुमा साटफेर गर्ने गरी कबुलियतनामा गराउनुपर्नेमा गरेको छैन। यसबाट अनुदानको सहि सदुपयोग हुनेमा विश्वस्त हुन सकिएन। यस प्रकारका वितरण मुखी कार्यक्रममा नियन्त्रण हुनुपर्दछ। | |
| ३५.२ | | | **पशु औषधी खरिदः** सार्वजनिक खरिद ऐन २०६३ को नियम ८(२) मा खरिद प्रतिस्पर्धा सिमित हुने गरि टुक्रा टुक्रा पारि खरिद गर्न नहुने र खरिद नियमावलीको नियम ९ मा लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने कुरा सम्बन्धी व्यवस्था छ । पालिकाले पशु औषधी खरिद गर्दा एकमुष्ट लागत अनुमान तयार गरि प्रतिस्पर्धात्मक तरवले खरिद गराउनु पर्नेमा पालिकाले औषधी खरिदमा सिलबन्दी विधिवाट भौचर नं ५१५।०७८।११।१० मा चौधरी एग्रो सेन्टर तथा सम्राट भेट फर्मावाट रु १४६५६८९ खरिद गरेकोमा पुन कोटेशन विधिवाट चौधरी एग्रो सेन्टर तथा सम्राट भेट फर्मावाट कोटेशन विधिवाट भौचर नं ५२२।०७८।११।१६ मा रु ३४१९१६ को खरिद गर्दा औषधीको मुल्यमा वोलपत्र विधि भन्दा वढी रेटमा खरिद गरेको छ ।पालिकाले सम्झौता गर्दा आवश्यक औषधी ठेक्काको रेटमा खरिद गर्ने गरि सम्झौता गर्नुपर्दछ । | |
| ३५.३ | | | **गहुँको विउ वितरणः** कार्यालयले कृषि विकास कार्यक्रम सञ्चालन गर्नुपुर्व कृषकहरुबाट माग संकलन गरी प्रस्तावित मागको आधारमा कार्यक्रम सञ्चालन गर्नुपर्दछ। ५४१।०७८।११।२२¸पालिकाले ५० प्रतिशत अनुदानमा उन्नत गहुँको विउ वितरणका लागि सिलबन्दी विधिवाट स्वर्गद्धारी एग्रो सेन्टरसँग १६००० के जि रु ८० का दरले रु १२८०००० मा खरिद गरेकोमा निम्नानुसारका व्यहोरा देखिए ।<br><br>(क) पालिकाले खरिद गरेको गहुँको विउमा ५० प्रतिशत अनुदान वापत रु ६४०००० भुक्तानी गर्नुपर्नेमा रु ६७५२०० भुक्तानी भएको पाइयो पालिकाले भुक्तानी गर्नुपर्ने भन्दा वढी भुक्तानी गरेको रु ३५२०० असुल गर्नुपर्ने रु<br><br>(ख) पालिकाले वितरण गरेको भरपाइ परिक्षण गर्दा १५१२० के जि गहुँ वितरण भइ ८८० के जि वाँकी रहेको देखिन्छ । वाँकी रहेको ८८० के जि गहुँको विउ वितरण नगरि पालिकामा रहेको छ ।बाँकी ८८० के जि गहुँको विउको भरपाइ पेश गर्नुपर्ने रु<br><br>(ग) कृषकले वुझेको भरपाइ परिक्षण गर्दा कृषक र पालिकाले व्यहोर्ने रकम नखुलाएको¸कृषकको मोवाइल नम्बर नराखेको तथा एकै प्रकारका दस्तखत रहेको पाइयो ।कृषकले वुझेको परिमाणमा करमेट गरि बढाएकोले कृषकले गहुँको विउ पाएको सम्बन्धमा एकिन हुन सकिएन । | १०२,९०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३५.४</td><td></td><td></td><td>माछा पोखरी कार्यसम्पन्न प्रतिवेदनः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ।पालिकाले भौचर नं ११७२ मिति २०७९।३।२२ वाट ५० प्रतिशत सहकार्यमा माछाको नयाँ पोखरी निर्माणका लागि रु ७५०४६६ खर्च लेखेकोमा निम्न कृषकले पोखरी निर्माण गरेको कार्यसम्पन्न प्रतिवेदन लेखापरीक्षणको क्रममा पेश नभएकोले पेश हुनुपर्ने रु
<table>
<tr><td>क्र स</td><td>कृषकको नाम</td><td>अनुदान रकम</td></tr>
<tr><td>१</td><td>मञ्जु चौधरी</td><td>१८९३१८</td></tr>
<tr><td>२</td><td>मिनु गिरी</td><td>१७८१६२</td></tr>
<tr><td>३</td><td>विनिता चौधरी</td><td>१९१०४८</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५५८५२८</td></tr>
</table></td><td>५५८,५२८</td></tr>
<tr><td>३५.५</td><td></td><td></td><td>वोयर जातको वोका खरिदः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले पशुपंक्षी विकास कार्यक्रम सञ्चालन गर्नुपुर्व कृषकहरुबाट माग संकलन गरी प्रस्तावित मागको आधारमा कार्यक्रम सञ्चालन गर्नुपर्दछ। कार्यालयले यस वर्ष विभिन्न समहुलाई बाख्रा वितरण कार्यक्रम सञ्चालन गरेकोमा वितरण गरेका बाख्राहरुको स्वास्थ्य परिक्षण र जातिय शुद्धता खुल्ने ब्रिडिङ सर्टिफिकेट समावेश छैन । यसबाट तोकिए बमोजिमको जातिय शुद्धता भएको स्वस्थ्य बाख्रा खरिद भयो भनी आश्वस्त हुन सकिएन।पालिकाले ११००।०७९।३।२१ वाट ७५ प्रतिशत शुद्धताका १५ वटा वोयर वोका रु ८००००० खरिद गरि वितरण गरीएका बोयरहरु निश्चित अवधि सम्म बोका वेचविखन गर्न नपाउने र विउ पूँजीको रुपमा अन्य कृषक समुहहरुमा साटफेर गर्ने गरी कबुलियतनामा गराउनुपर्नेमा गरेको छैन। यसबाट अनुदानको सहि सदुपयोग हुनेमा विश्वस्त हुन सकिएन। यस प्रकारका वितरण मुखी कार्यक्रममा नियन्त्रण हुनुपर्दछ। कार्यालयले निम्न समुहलाई अनुदानमा बाख्रा वितरण गरेको छ ।</td><td></td></tr>
<tr><td>३५.६</td><td></td><td></td><td>बर्षिम घाँसको विउ वितरणः ३२०।०७८।८।२३, कार्यालयले कृषकहरुलाइ वर्षिम घाँसको विउ ७५ प्रतिशत अनुदानमा वितरणका लागि चौधरी एग्रोभेट सेन्टरवाट रु ३५० मा ११६० के जि खरिद गरेको छ । वर्षिम घाँसको सरकारी दररेट रु ३०० भएकोमा कार्यालयले रु ५० बढी रेटमा खरिद गरि रु ४०६००० को भुक्तानी गरेको छ ।वर्षिम घाँस खरिद गर्दा सरकारी दररेट भन्दा वढी मुल्यमा खरिद गरि भुक्तानी दिएको देखिएकोले बढि भुक्तानी रु ५८००० को ७५ प्रतिशत रु ४३५०० कार्यालयलाइ थप व्ययभार परेको रु</td><td>४३,५००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६ | | | **शिक्षा तथा विद्यालय व्यवस्थापन- यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् -** | |
| ३६.१ | | | **शिक्षक दरवन्दी -** शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ को बुदाँ नं.३ क बमोजिम शिक्षा नियमावली, २०५९ अनुसार कायम भएको शिक्षक विद्यार्थी अनुपात र नियमावलीको अनुसुची-१२ बमोजिम विद्यालयमा रहनुपर्ने दरबन्दी तथा शिक्षक विद्यार्थी अनुपातको आधारमा स्थानीय तहमा शिक्षकको मौजुदा अवस्था र आवश्यकताको पहिचान गरी शिक्षक दरबन्दी मिलान गर्ने र कार्यविधीको बुदाँ नं.१२ अनुसार मन्त्रालय तथा प्रदेशले गरेको दरबन्दी मिलानमा स्थानीय तहले सहजिकरण गर्ने उल्लेख छ । कार्यालयले आफु मातहत रहेका मौजुदा विद्यालयहरुमा आवश्यक दरबन्दी पुनरावलोकन सम्बन्धमा कुनै पहल गरेको छैन। पालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा तोकिएको मापदण्ड अनुरुप शिक्षक पदपुर्ति गराई नियमित पठन पाठन गराउनुपर्दछ। | |
| ३६.२ | | | **नमुना विद्यालय भौतिक पूर्वाधार निर्माण र शैक्षिक तथा व्यवस्थापकीय अनुदान(आदर्श नमूना मा.वि.) -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नु पर्ने ब्यवस्था छ ।पालिकाले नमुना विद्यालय भौतिक पूर्वाधार निर्माण र शैक्षिक तथा व्यवस्थापकीय अनुदानको लागि आदर्श नमूना मा.वि.लाई गो.भौ.नं. ८९।२०७९-०३-१४ बाट रु.७००००००० अनुदान निकासा गरेकोमा सो को बिल भरपाई पेश भएन् । तोकिएको कार्यक्रम र क्रियाकलापमा खर्च भएको बिल भरपाई पेश हुनुपर्ने रु. | ७,०००,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३६.३</td><td></td><td></td><td>छात्रवृत्तिः विद्यालयहरूलाई छात्रवृत्तिको रकम सोधभर्ना गर्दा विद्यार्थी संख्या र निजहरूले बुझेको भर्पाईहरूको आधारमा दिनु पर्दछ । पालिका क्षेत्रका विद्यालयहरुको नमूना छनौट गरी विद्यालयको छात्रवृत्ति वितरणको प्रमाण परीक्षण गरेकोमा देहायका विद्यालयलाई निकाशा गरिएको छात्रवृत्तिको रकम भन्दा कम रकमको छात्रवृत्ति वितरण भरपाई पेश भएकोले तोकीए भन्दा बढी निकासा भएको रकम तपशिल बमोजिमका विद्यालयहरुबाट असूल गरी सम्बन्धीत राजस्व खातामा दाखिला हुनुपर्दछ । साथै अन्य विद्यालयमा समेत यस्तै हुन सक्ने भएकोले कार्यालयले आफै एकिन गरी असुल गर्नुपर्दछ ।<br>
<table>
<tr><th>विद्यालयको नाम</th><th>निकाशा रकम रु</th><th>भरपाई</th><th>फरक रकम रु</th></tr>
<tr><td>सुर्यविनायक मा.वि नर्ति</td><td>५१६००</td><td>४९६००</td><td>२०००</td></tr>
<tr><td>श्री प्राथमिक विद्यालय दमदुमा खैरी</td><td>१०८००</td><td>९६००</td><td>१२००</td></tr>
<tr><td>बालजनता आ.वि वनगाउँ</td><td>५२८००</td><td>४६८००</td><td>६०००</td></tr>
<tr><td>श्री प्रा वि कनकटहवा</td><td>११२००</td><td>८४००</td><td>२८००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>१२०००</td></tr>
</table></td><td>१२,०००</td></tr>
<tr><td>३६.४</td><td></td><td></td><td>दिवा खाजा रकमः कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार स्थानीय तहले विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम कार्यान्वयन गर्दा विद्यालयगत तथ्याङ्कका आधारमा प्रति विद्यार्थी दैनिक रु.१५ का दरले विद्यालय सञ्चालन भएको दिनलाई आधार मानेर वर्षमा १८० दिनका लागि अनुदान दिने व्यवस्था छ । त्यसै स्थानीय तहले दिवा खाजा उपलब्ध गराइएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका (परीक्षामा सामेल भएको दिनसमेत) को प्रतिलिपी विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराइ स्थानीय तहमा संकलन गरी संख्या यकिन भएपश्चात मात्र अनुदान दिने व्यवस्था छ । कार्यालयले दिवा खाजाका लागि २७ विद्यालयलाइ रु ६०८८४३० निकासा दिएको छ । दिवा खाजामा हुनुपर्ने आवश्यक मात्रा, स्वच्छता र पोषण तत्वका सम्बन्धमा गाउँपालिकाले अनुगमन तथा दिवा खाजाको गुणस्तर मापन गरी अनुगमन मूल्याङ्कनको प्रतिवेदन तयार गरी दिवा खाजा रकम निकासा गर्नुपर्दछ ।यस सम्बन्धमा देखिएका अन्य व्यहोरा निम्नानुसार छन् ।<br><br>
क)श्री मा.वि फल्कापुरमा EMIS अनुसार विद्यार्थी संख्या ३९४ रहेकोमा ४०७ जना विद्यार्थीको खाजा वापतको रकम बुझेको भरपाई पेश भई रकम रु ५२०० बढी निकासा भएकोले बढी निकासा रकम असुल हुनुपर्ने रु<br><br>
ख) राष्ट्री मा.वि उचानिम्बुलाई दिवा खाजा वापत रकम रु ४६९८३० निकासा भएकोमा ४५८८५० को मात्र खर्च गरेकोले बाँकी रकम रु १०९८० असुल हुनुपर्ने रु</td><td>१६,१८०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६.५ | | | **निजि श्रोत शिक्षकको तलब भत्ता** – अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर नगरपालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट १३ विद्यालयको निजि श्रोत शिक्षकको तलब भत्ता वापत रु.२४०१३६० तलब भत्ता भुक्तानी गरेको पाईयो । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ । | |
| ३६.६ | | | **निः शुल्क पाठ्यपुस्तक निकासाः-** कार्यालयले माध्यामिक तहसम्मको शिक्षा निशुल्क वितरण गर्ने नेपाल सरकारको निति अनुसार विद्यालयहरुलाई दिएको निकासाबाट खरिद पुस्तक सम्बन्धित विद्यार्थीहरुले प्राप्त गरेको हुनु पर्दछ । पालिका क्षेत्रभित्र पालिकाले पाठ्यपुस्तक निकासा दिनुपर्ने २७ वटा विद्यालयहरुकालागी यो वर्ष रु ४५४४००६ निकासा दिएको देखियो । पालिकाबाट निकासा पाउने विद्यालयलाई नमूना छनौट गरि वितरित निःशुल्क पाठ्यपुस्तकको विवरण परिक्षण गर्दा देहायको व्यहोराहरु देखियो ।<br><br>(क) पालिकाले विद्यालयहरुलाई पाठ्यपुस्तक खरिदका लागी दिएको निकासा रकम खर्च पश्चात विद्यालयबाट सम्बन्धित विद्यार्थीले वा निजका अभिभावकहरुले पुस्तक बुझेको भरपाईहरु माग गरि फरफारक गर्ने गरेको नदेखिएकोले आन्तरिक नियन्त्रण गरेको देखिएन ।<br><br>(ख) सवै विद्यालयले विद्यार्थीहरुलाई पुस्तक वितरण गरेको भरपाईहरुमा विद्यार्थीको बुझेर लैजाने अभिभावकको नाम र सम्पर्क मोबाइल नम्बर उल्लेख गर्ने नगरेकोले पालिकाको आन्तरिक नियन्त्रण गरेको देखिएन ।<br><br>(ग) निःशुल्क पाठ्यपुस्तक वितरण कार्यको पालिकाले अनुगमन गर्ने तथा अनुगमन प्रतिवेदन तयार गर्ने गरेको देखिएन । | |
| ३६.७ | | | **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम नापी किताव / कार्यसम्पन्न प्रतिवेदन** : विद्यालय क्षेत्र विकास कार्यक्रम, कार्यक्रम कार्यान्वियन पुस्तिका २०७८।७९ को १.३ (ड) मा विद्यालय भवन, कक्षा कोठा, शौचालय लगायतका भौतिक निर्माण सम्वन्धी कार्यहरु सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदन तयार गरी अन्तिम लेखापरीक्षण समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नु पर्ने ब्यवस्था छ। यस पालिकावाट आर्थिक बर्ष २०७८।७९ मा संघीय सशर्तवाट ३ वटा विद्यालयलाई जेष्ठ महिनामा पहिलो किस्ता पेश्की स्वरुप ३० प्रतिशत रकम पेश्की दिएता पनि सुत्रमा पेश्की नजनाएको र आषाढ महिनामा २ कोठे, ४ कोठे भवन निर्माण अनुदानका लागि रु.७२००००० भुक्तानी दिएको छ । आर्थिक बर्ष २०७८।७९ मा २ वटा विद्यालयलाई अनुदान दीएको र विद्यालयको कार्यक्रम र निर्माण कार्य सम्पन्न नभएकोले अनुदान रकम रोक्का राखेको पालिकाले जानकारी दिएको छ । उक्त निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन,नापी किताब र बिल भरपाई पेश हुनुपर्ने रु. | ८,५००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| सि.नं. | विद्यालय नाम | रोक्का निकासा रकम | प्रयोजन | कैफयत |
|---|---|---|---|---|
| १ | श्री बालतारा आ.वि. | १८००००० | २ कोठे भवन | कार्यसम्पन्न प्रतिवेदन र नापीकिताब लेखापरीक्षणको क्रममा पेश भएको । |
| २. | श्री सुर्य बिनायक मा.वि. नर्ती | ३६००००० | ४ कोठे भवन | कार्यसम्पन्न प्रतिवेदन र नापीकिताब पेश हुनुपर्ने । |
| ३. | श्री खिम बहादुर शाह मा.वि. | ३६००००० | ४ कोठे भवन | कार्यसम्पन्न प्रतिवेदन र नापीकिताब |
| | **जम्मा** | **९००००००** | | |

क) I.C.T. ल्याब व्यवस्थापन – पालिकाले I.C.T. ल्याब व्यवस्थापनको लागि बगार बाबा माध्यमिक विद्यालय लाई रु.६५००००, माध्यमिक विद्यालय अमिलिया लाई रु. ६५०००० र माध्यमिक विद्यालय सोनपुरलाई रु. ६५०००० समेत रु.१९५०००० भुक्तानी दिएको छ । सो मध्ये माध्यमिक विद्यालय सोनपुरबाट I.C.T. ल्याब सामाग्री खरिद भएको बिल भरपाई पेश भएको तर बगार बाबा माध्यमिक विद्यालय र माध्यमिक विद्यालय अमिलिया बाट I.C.T. ल्याब सामाग्री खरिद भएको बिल भरपाई पेश नभएको बिल,भरपाई पेश हुनुपर्ने रु.

ख) सामाजिक परीक्षण; कार्यविधिको दफा १४ मा कार्यक्रम बमोजिम कार्वय सम्पन्न भएपछि विद्यालयले अनिवार्य रुपमा सामाजिक परीक्षण गरी सोको प्रतिवेदन स्थानीय तहमा पठाउनु पर्ने व्यवस्था रहेकोमा सामाजिक परीक्षण गराउने गरेको देखिएन । स्थानीय तहलेसमेत माग गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ ।

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गतका क्रियाकलापहरुको कार्यान्वियन प्रक्रियाको वुँदा नं. ११ मा कार्यक्रम कार्यान्वियनका लागि स्थानीय तहले बजेट तथा कार्यक्रम प्राप्त भए पश्चात आवश्यक प्रक्रिया पुरागरी ७ दिन भित्र विद्यालयलाई निकासा दिने र विद्यालयले प्राप्त रकम यसै आर्थिक वर्ष भित्रैमा तोकिएको कार्यमा खर्च गरी फ्रिज हुन गएमा विद्यालय नै जवाफदेही हुनु पर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न २ विद्यालयलाई २ कोठे, ४ कोठे भवन निर्माण अनुदानका लागि रु. ७२००००० अनुदान दिएकोमा यही आर्थिक वर्ष भित्र कार्य सम्पन्न भएको प्रमाण पेश भएन भने रकम फ्रिज भएको समेत देखिएन । अत: क्रियाकलापहरुको कार्यान्वियन प्रक्रियामा भएको व्यवस्थाको परिपालना हुनु पर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६.८ | | | **खिम बहादुर शाह मा.वि.मा फर्निचर खरिद -** प्रदेश आर्थिक कार्याविधी नियमावली २०7४, को नियम ४8 मा कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधि स्रेस्ता खडा गरी अधावधिक गरी राख्नु पर्ने व्यवस्था छ ।पालिकाले गो.भौ.नं.८७।२०७९-०३-२४ बाट खिम बहादुर शाह मा.वि.मा फर्निचर खरिद वापत मध्यपश्चिमाञ्चल सप्लायर्सलाई रु. ३२८६५४ र राप्ती भेनियर एण्ड स.मिल लाई रु.२१५७२५ समेत जम्मा रु.५४४३७९ खर्च लेखेकोमा उक्त जिन्सी मालसामान नियमानुसार दाखिला र हस्तान्तरण गरेको पाईएन् । नियमानुसार जिन्सी दाखिला र हस्तान्तरण गर्नुपर्ने रु.<br><br>साथै उक्त सामाग्री खरिद वापत मध्यपश्चिमाञ्चल सप्लायर्सलाई निजको बिजक अनुसार रु.२८८१५० भुक्तानी गर्नुपर्नेमा रु.३२८६५४ भुक्तानी भएकाले बढि भुक्तानी रु.३९४००(कर पछि) असुल गर्नुपर्ने रु. | ५४४,३७९ |
| ३६.९ | | | **स्यानिटरी प्याड खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रू.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझैखरिद गर्न नहुने उल्लेख छ । उक्त व्यवस्था विपरित कार्यालयले गो. भौ. नं २१०-०७९/०३/२४ बाट एभरेष्ट मेडिको फर्माबाट रकम रु २५ लाख को स्यानिटरी प्याड सोझै खरिद गर्नु नियमसंगत नदेखिएको रु<br><br>क)सेनेटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६दफा ५ वमोजिम उपलव्ध सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यवस्थित रुपले राखी सामदायिक विधालयले छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी अभिलेख अधावधिक गर्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी कार्यक्रमको कार्यान्वयनको प्रगति विवरण मन्त्रालयले तोकेको ढाँचामा चौमासिक रुपमा विधालयले स्थानिय तहमा र स्थानिय तहले प्रदेश सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था रहेकोमा लेखापरीक्षणको क्रममा यस सवन्धमा कुनै प्रगति विवरण प्राप्त नभएको हुदा यस तर्फ कार्यालयले ध्यान दिनु पर्ने देखिन्छ ।<br><br>कार्यालयले वर्षभरी विद्यार्थीलाई सेवा दिन खरिद गर्ने प्याड आर्थिक वर्षको अन्तमा अर्थात आषाढ २४ मा खरिद गरेकोले लक्षित उद्देश्य पुरा हुने देखिएन । | २,५००,००० |
| ३७ | | | **बर्थिङ्क सेन्टर भवन निर्माण वडा नं.१ (बिनायक निर्माण सेवा ठेक्का नं. 18/2078-79) -** | |
| ३७.१ | | | **भवन निर्माण कार्यः** कार्यालयले लागत अनुमान मु अ कर समेत रु.३७१८९५८ भएको बर्थिङ्क सेन्टर भवन निर्माण वडा नं.१ कार्यको सूचना प्रकाशनमा गरेकोमा सबैभन्दा घटी कबोल गर्ने निर्माण व्यवसायी बिनायक निर्माण सेवाको कबोल अङ्क रु.२५५१३५४ को ठेक्का २०७९।०३।३० सम्ममा सम्पन्न गर्ने गरि २०७८।०९।१९ मा ठेक्का सम्झौता गरेको देखियो। उक्त निर्माण कार्यको कार्यसम्पन्न पश्चात रु.२२८९७०९ भुक्तानी भएको छ । यसमा देहायका व्यहोराहरु देखिएका छन् - | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७.२ | | | **खरिदमा सम्झौता कार्यान्वियनको अवस्थाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वियन गर्दा देहायका कार्यहरु गर्नु पर्ने व्यवस्था रहेकोमा उल्लिखित कार्यहरु गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ ।<br><br>· क) खरिद सम्झौता भएपछि सम्बन्धित निर्माण व्यवसायीसंग आवश्यकतानुसार पोष्ट बिड कन्फ्रेन्स गर्नु पर्ने<br><br>· ख) सम्झौता कार्यान्वियनको कार्ययोजना र कार्यतालिका तयार गर्ने<br><br>· ग) सम्झौता प्रशासन कार्य योजना अनुसार खरिद सम्झौताकौ कार्य योजनाको प्रगति अनुगमन, गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्ने<br><br>· घ) निर्माण व्यवसायीलाई निर्माण कार्यस्थल सुम्पने कार्य<br><br>· ङ) बजेट र लागत लेखा (कस्ट एकाउन्टीङ्ग) को पक्ष लगायत सम्झौता कार्यान्वियनको वित्तीय व्यवस्थापन पक्षको व्यवस्थापन गर्ने<br><br>च) सम्झौता कार्यान्वियनको आवधिक प्रतिदन एक तहमाथीको अधिकारी समक्ष पेश गर्ने | |
| ३७.३ | | | **विमा नगरेको -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेह १० लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेशिन औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन गर्ने खर्च, निर्माण व्यवसायीले निर्माणस्थलमा ल्याएको आफ्नो उपकरण, त्रुटी सच्याउने अवधिको जोखिम, कुनै कर्मचारीलाई चोटपटक लागेमा वा निजको मृत्यू भएमा हुने जोखिमसमेतको बीमा गराउनु पर्ने व्यवस्था छ । कार्यालयले उक्त निर्माण योजना बोलपत्रबाट खरिद गर्दा लागत अनुमान तथा ठेक्काको सम्झौतामा विमाको व्यवस्था गरेको छैन । खरिद सम्झौताको शर्तमा बिमाको प्रावधान अनिवार्य गर्दै भविश्यको जोखिम न्यूनीकरणका गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ३७.४ | | | **गुणस्तर परीक्षण नगरेको -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११५ को १ अनुसार खरिद भएका मालसामानहरु प्राविधिक स्पेशिफिकेशन बमोजिम भए नभएको परीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले उक्त निर्माण योजना बोलपत्रबाट खरिद गर्दा लागत अनुमान तथा ठेक्काको सम्झौतामा ल्याब टेस्टको व्यवस्था गरेको छैन । खरिद सम्झौताको गुणस्तर परीक्षणको प्रावधान अनिवार्य गर्दै निर्माण कार्यको गुणस्तर कायम गर्न पालिकाले ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७.५ | | | **कार्य सम्पन्न प्रतिवेदन:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ को उपनियम २ अनुसार निर्माण कार्य सम्पन्न भई त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गराउनु पर्ने व्यवस्था छ । तर कार्यालयले त्रुटी सच्याउने अवधि समाप्त नहुँदै अन्तिम बील भुक्तानी कै समयमा कार्य सम्पन्न ।कार्य सम्पन्न प्रतिवेदन तयार गरेकोले निर्माण व्यवसायीलाई अनुचित लाभ पुग्न सक्ने देखिन्छ । अत: निर्माण कार्यको त्रुटि सच्याउने अवधि समाप्त पश्चात मात्र कार्यसम्पन्न प्रतिवेदन बनाइनु पर्दछ । | |
| ३८ | | | **शहरी विकास आयोजना - Community Development Program यस सँग सम्बन्धित व्यहोरा देहाय अनुसार छन् –** | |
| ३८.१ | | | **निर्माण कार्यको लागत अनुमान र खर्च** –पालिकाले यसबर्ष विभिन्न ४१ वटा योजनाको लागत अनुमान तयार गर्दा कार्यविधि अनुसार कुल निर्माण कार्यको २.५ प्रतिशत हाते औजार, १.५ प्रतिशत Safety Equipment र २ प्रतिशत Other Management Cost मा वर्गीकरण गरि खर्च लेखेको छ । उल्लेखीत खर्च शिर्षको आधारमा निर्माण र ज्यालामा रु.६५२७६२२० खर्च लेखेको, २.५ प्रतिशत हाते औजार अन्तर्गत फिस्टेल जोयोसर्भे प्रा.लि.बाट रु. १५८२७९१ र फिस्टेल सप्लायर्स बाट रु. ४,९२,१४८ हाते औजार खरिद गरि जम्मा रु.२०७४९३९ खर्च लेखेको, १.५ प्रतिशत Safety Equipment अन्तर्गत औषधि खरिद गरि एभरेष्ट मेडिको फर्मालाई रु.४८२६७९ भुक्तानी गरि खर्च लेखेको , २ प्रतिशत Other Management Cost अन्तर्गत विभिन्न संचालित योजनाहरु संचालन, सुचाना प्रसारण, अनुगमन तथा व्यवस्थापनको खर्च रु.१६०८९०० गरि कुल जम्मा रु. ६,९४,४२,७३८ खर्च लेखेको छ । निर्माण कार्यको अन्तर्गत डोर हाजिर मार्फत श्रमिकलाई कार्य गराई बैंक खाता मार्फत भुक्तानी दिएको पालिकाले जनाएता पनि सम्पूर्ण योजनाको श्रमिकको बैंक खातामा रकम जम्मा भएको प्रमाण पेश गरेको छैन् । वास्तविक श्रमिकले पारिश्रमिक पाए नपाएको एकिन गर्न सकिएन । पालिकाले लागत अनुमानमा समावेश भएको २.५ प्रतिशत हाते औजार, १.५ प्रतिशत Safety Equipment र २ प्रतिशत Other Management Cost मा भएको खर्च सोहि प्रयोजनमा भएको प्रमाण पेश गरेको छैन् । सो सम्बन्धमा पालिकाले एकिन गर्नुपर्दछ । | |
| ३८.२ | | | **हाते औजार सामाग्री खरिद-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नु पर्ने ब्यवस्था छ। साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ (६) अनुसार स्वीकृत रकम खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । पालिकाले म्यानुअल मार्फत Community Development Program शहरि विकास आयोजना अन्तर्गत हाते कुटो,कोदालो,बेल्चा लगायतको सामग्री औजार खरिदको लागि लागत अनुमान तयार नगरी सिलबन्दि दरभाउ आव्हान गरेकोमा न्यूनतम रु. १५८२७९१ (मू.अ.के समेत) कबोल गर्ने फिस्टेल जोयोसर्भे प्रा.लि. बाट खरिद गरि गो.भौ.नं.१०।२०७८-११-३० बाट रु.१५८२७९१ भुक्तानी गरेको र पून कोटेशन मार्फत गो.भौ.नं.४१।२०७९-०२-१८ बाट फिस्टेल सप्लायर्स बाट हाते औजार खरिद गरि रु. ४,९२,१४८ समेत जम्मा रु. २०७४९३९ छ । उक्त हाते औजार कुन कुन प्रयोजनमा प्रयोग भयो, के कति मात्रमा वितरण गरि मौज्दात राखेको हो सो को विवरण लेखापरीक्षणको क्रममा पेश भएन ।अतः हाते औजार सामाग्री वितरणको भरपाई पेश हुनुपर्ने रु. | २,०७४,९३९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८.३ | | | **बढि भुक्तानी -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ ।पालिकाले शहरि विकास आयोजना अन्तर्गत संचालित योजना श्री गाउँमा पक्की नाला तथा ग्राभेल आयोजनाको गो.भौ.नं.१८।२०७८-१२-२० बाट वास्तविक कार्यसम्पादनको आधारमा रु.१७७७८८१ भुक्तानी गर्नुपर्नेमा रु.१८७९३८१ भुक्तानी गरेकोले बढि भुक्तानी रकम रु.२००० असूल हुनुपर्ने रु. | २,००० |
| ३९ | | | **संघिय सरकारबाट हस्तान्तरित कार्यक्रमको बचत रकम अन्यत्र खर्च गरेको -**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २४ (१) अनुसार अधिकार प्राप्त अधिकारीले स्वीकृत बजेट, कार्यक्रम र उपलब्ध स्रोत समेतको आधारमा खर्चको आदेश दिनुपर्ने व्यवस्था छ । साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ (६) अनुसार स्वीकृत रकम खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । नमुना छनौट गरि परीक्षण गर्दा पालिकाले संघिय सरकारबाट हस्तान्तरित कार्यक्रमको ठेक्का लगाई बचत भएको रकम संघिय संचितकोषमा फिर्ता नगर्ने उदेश्यले स्विकृत योजनामा खर्च नगरि अन्यत्र खर्च गरेको छ । संघिय सरकारबाट हस्तान्तरित कार्यक्रमको बजेट स्विकृत कार्यक्रम भन्दा बाहिर खर्च गरेको नियमसम्मत नदेखिएको रु. | २,९६५,४१५ |

| गो.भौ.नं.।मिति | बजेट प्राप्त भएको स्विकृत कार्यक्रमको नाम | बजेट खर्च गरेको कार्यक्रमको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| ९४। २०७९-०३-२५ | लमही न.पा. ७ को नगर स्वास्थ्य केन्द्र भवन निर्माण | ७ नं. वडा सडक स्तर उन्नती | १६८३१७९ |
| ९५। २०७९-०३-२५ | लमही न.पा. ७ को नगर स्वास्थ्य केन्द्र भवन निर्माण | हुरैया खोलामा नहर निर्माण योजना वापत उचानिम्बु टोल विकास संस्थालाई भुक्तानी | ३१२२३६ |
| ५९। २०७९-०३-१६ | बर्थिंग सेन्टर सुनडबरि लमही नगरपालिका, वडा १ | वडा नं. १ स्थित वडा कार्यलयको भवन निर्माण र बाटो सल्याव निर्माण वापत बृद्ध आश्रम टोल विकास संस्था लाई भुक्तानी | ९७०००० |
| | | **जम्मा** | **२९६५४१५** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **वितरणमुखी कार्यक्रमः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) मा योजना तर्जुमाको आधार तय गरेको छ । कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम छनौट र कार्यान्वयन गर्नुपर्नेमा सो विपरित व्यक्ति तथा संस्थालाई फाईदा पुग्ने गरी सामग्री खरिद गरी वितरण गरेको छ । विपन्न तथा लक्षित बर्गलाई फाईदा पुग्ने, समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दिगो रोजगारी सिर्जना गर्न सक्ने कार्यक्रममा अनुदान प्रदान गर्दा समूहको सिफारीस व्यक्तिको खरिद गर्न सक्ने क्षमताको मूल्याँकन, वितरित सामानको दिगो उपयोग तथा दिगो आयआर्जनको उपयुक्त व्यवस्था मिलाएर मात्र अनुदान वितरण गरिनु पर्दछ । यस सम्बन्धि केही उदाहरण निम्नानुसार छन्; | |

| **भौ.न. मिति** | **कार्यक्रमको नाम** | **रकम** |
|---|---|---|
| ४८८-०७८।११।२ | जेष्ठ नागरिक तथा अपाङ व्यक्तिलाइ सम्मान | ४९९९१२ |
| ६२५-०७८।१२।२५ | वृद्ध वृद्धालाइ ल्याङकेट वितरण | ३८४६३७ |
| ६३७-०७८।१२।२५ | एकल महिलालाइ व्ल्याकेट वितरण | २८२०५८ |
| ६३९-०७८।१२।२५ | जेष्ठ नागरिकलाइ व्ल्याकेट वितरण | ४७४९७३ |
| ६९२-०७९।१।१४ | एकल महिलालाइ ब्ल्याकेट वितरण | ४४९९९८ |
| | जम्मा | २०९१५७८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१ | | | **अन्य कार्यालयको खर्चः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा स्वीकृत बजेट रकम स्वीकृत निकायको लागि भएको र सोही अनुसार अन्यत्र प्रयोजनमा खर्च नगर्ने व्यवस्था छ ।साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यसवर्ष समान अस्तित्व र छुट्टै बजेट विनियोजन हुने कार्यालयका लागि भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु | ५५०,७०६ |

| गौ.भो.न. मिति | कार्यालय र प्रयोजन | रकम |
|---|---|---|
| १०४२।०७९।३।१६ | सुन्धक वचत तथा ऋण सहकारीलाइ ल्यापटप खरिद | ६९८९९ |
| १२०४।०७९।३।२४ | कर्मठ सामाजिक उद्यमी महिला सहकारी संस्थाको भवन निर्माण | ४८०८०७ |
| | जम्मा | ५५०७०६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | | | **बिल भरपाई पेश गर्नुपर्ने -**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नु पर्ने ब्यवस्था छ ।पालिकाले देहायका विद्यालयहरलाई धार्मिक विद्यालय सञ्चालन तथा मुक्त कम्लहरी आवासीय छात्रवृत्ति वापतको रकम भुक्तानी गर्दा आवश्यक विल, भरपाई, श्रेस्ता साथ संलग्न नभएकाले प्रमाण पेश गर्नुपर्ने रु. | १,८५२,००० |

| कार्यक्रम | भुक्तानी पाउनेको नाम |
|---|---|
| वालजनता मा.वि. वनगाउँ | २६५००० |
| सुर्यविनायक मा.वि. नर्ति | ५०५००० |
| मदरसा नरुल ईस्लाम | २४१००० |
| मदरसा अहिल्य सुन्नत फैजाने रजा | २४१००० |
| उचानिम्बु सामुदायिक केन्द् सतवरिया | २००००० |
| चौलाहि सामुदायिक केन्द्र | २००००० |
| सोनपुर सामुदायिक केन्द्र | २००००० |
| जम्मा | १८५२००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३ | | | **धान बालिको क्षतिमा राहत तथा क्षतिपुर्ती –**<br>बेमौसमी बर्षाको कारण धान बालिमा क्षति पुगेका किसानलाई राहत उपलब्ध गराउने मापदण्ड २०७८ को बुँदा नं. ३(५) अनुसार सरकारी वा सार्वजनिक जम्मा अतिक्रमण गरी गरिएको धानबालीमा क्षति पुगेकोमा त्यस्तो क्षतिको लागि,क्षति भएको धानबालीको बीमा गरिएको भएमा त्यस्तो धानबालीमा पुगेको क्षतिको लागि, बेमौसमी बर्षाको कारण धानबालीमा पुगेको क्षति वापत नेपाल सरकार,प्रदेश सरकार वा स्थानीय तहबाट एक पटक राहत क्षतिपूर्ति वा सुविधा प्राप्त गरिसेको अवस्थामा राहत रकम उपलब्ध नगराइने उल्लेख छ । पालिकाले धान वालीको क्षतिपुर्ति वापत राहत वितरणका लागी जिल्ला प्रशासन कार्यालयबाट रु.१९३३२५२६.२१ निकासा भएकोमा लेखापरीक्षण अवधिसम्म १४८३ जनालाई रकम रु.११११६५८९.४९ राहत वितरण गरी रु.८२१५९३६.७२ बाँकी रहेको विवरण पेश गरेको छ । मापदण्ड अनुसार राहत प्राप्त गर्ने व्यक्ति वास्तविक हो होईन पालिकाले एकिन गरेको देखिएन् । पालिकाले एकिन गरेर मात्र राहत वितरण गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | | | **क्याम्पसलाइ अनुदानः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्नुपर्ने व्यवस्था छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन निर्देशिकामा स्थानीय तहवाट सम्पादन हुने शैक्षिक क्रियाकलाप अन्तर्गत माध्यमिक बिद्यालय तहसम्म तलव तथा अन्य बिद्यालय गतिविधिसंग सम्बन्धित क्रियाकलापमा खर्च गर्न सक्ने व्यवस्था गरेको छ । भर्ना, मासिक शुल्क लगायत बिभिन्न शुल्क उठाउने गरेको क्याम्पसले बिश्वबिद्यालयबाट अनुदान तथा प्रदेश सरकारवाट समेत अनुदान पाउने गरेकोमा पालिकाको कार्यक्षेत्र बाहिर गई देउखुरी वहुमुखी क्याम्पसलाइ व्यवस्थापन अनुदान दिएको नियमसम्मत नदेखिएको रु. | १,०००,००० |
| ४५ | | | **कर्मचारी कार्य विवरण तयारी कार्य –**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ तथा सार्वजनिक खरिद नियमावली, २०६४ नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । स्थानीय सरकार संचालन ऐन,२०७४ मा नगर कार्यपालिकाको प्रमुख कार्य पालिकाका लागि आवश्यक कार्यविधि,निर्देशिका तयार गर्ने हो ।आर्थिक प्रशासन सम्बन्धी कानुन तथा कर्मचारी कार्य विवरण कर्मचारी नियुक्ति हुदाँलाइ कार्यविवरण सहित पदपूर्ति गर्ने कार्य समेत वाह्य जस्तो विषय परामर्श सेवाबाट गराएको नियमित नदेखिएको रु | ४०३,००० |

| गो भौ नं र मिति | कार्य विवरण | परामर्शदाता | खर्च रकम |
|---|---|---|---|
| ९९४।०७९।३।१२ | कर्मचारी कार्य विवरण तयार | शान्ति इन्जिनियरिङ कन्सल्टेन्सी एण्ड रिसर्च | ४०३००० |
| | | जम्मा | ४०३००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | | | **जेष्ठ नागरिक नगद राहत वितरण-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्नुपर्ने व्यवस्था छ । गो.भौ.नं. ८१७।०७९।२।६ सरकारी कारोवार गर्दा वैकिङ प्रणाली मार्फत गर्नुपर्दछ । पालिकाले जेष्ठ नागरिक सहयोग कार्यक्रममा ४० जना जेष्ठ नागरिकलाइ रु ९००० का दरले रु ३६०००० वितरण गरेको छ । वितरणमा सम्बन्धित नागरिकले वुझेको भरपाइमा औंठा छाप लगाएको छ । जेष्ठ नागरिकको सामाजिक सुरक्षा भत्ता वैक मार्फत दिने गरेकोमा वडावाट हातले वितरण गरेकोले सम्बन्धित लाभग्राहीले वुझे नवुझे एकिन हुन सकिएन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४७</td><td></td><td></td><td>पालिका स्मार्ट एप निर्माणः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्नुपर्ने व्यवस्था छ । गो.भौ.नं.९९८।०७९।३।१२ पालिकाले स्मार्ट पालिका एप निर्माणका लागि जरुवा नेपाल प्रा लि सँग सम्झौता भइ यो वर्ष रु १९४६९९० भुक्तानी भएकोमा लेखापरीक्षणको क्रम सम्म उक्त एप संचालनमा भएको पाइएन । पालिकाले एप संचालन गरि सेवा प्रवाहलाइ सहज वनाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>फरक खर्च शिर्षक-<br>आर्थिक कार्यविधि वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१२) मा सम्बन्धित उपशीर्षकमा विनियोजन भएको एक समूहको खर्च शीर्षकको रकम नम्बरमा रकम अपर्याप्त छ र सो खर्च नगरेमा सरकारी हानी नोक्सानी हुने वा सरकारी काममा बाधा पर्ने देखिएमा सोको स्पष्ट कारण खुलाई सोही उपशीर्षकको अर्को समूहको खर्च शीर्षकको मौज्दात रकमबाट खर्च गरी त्यस्तो काम भएको सात दिन भित्र त्यसरी खर्च गरेको रकम नियम ४३ बमोजिम नियमित गराउनु पर्ने व्यवस्था छ ।कार्यालयले फरक शिर्षक पारि खर्च लेखेको अनियमित देखिएको रु
<table>
<tr><th>गौ न । मिति</th><th>खर्च शिर्षक</th><th>हुनुपर्ने शिर्षक</th><th>रकम</th></tr>
<tr><td>३९७-२०७८।९।२६</td><td>विविध खर्च</td><td>पशु सेवा ल्याव निर्माण</td><td>४६५०३१</td></tr>
<tr><td>१०५१-२०७९।३।१६</td><td>विविध खर्च</td><td>मसलन्द तथा कार्यालय सामग्री</td><td>२६७८२०</td></tr>
<tr><td>१२०५-२०७९।३।२४</td><td>विविध खर्च</td><td>कार्यालय सामग्री</td><td>५४६२४१</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१२७९०९२</td></tr>
</table></td><td>१,२७९,०९२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४९ | | | **बिल भरपाई पेश गर्नुपर्ने -**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नु पर्ने ब्यवस्था छ ।पालिकाले बैंक नगदि किताबमा खर्च जनाएको देहायको भौचर र उक्त खर्चहरु प्रमाणित गर्ने बिल भरपाई लेखापरीक्षणको क्रममा पेश नभएकाले पेश गर्नुपर्ने रु. | ३,९५२,६९९ |

| गोभौनंर मिति | विवरण | वजेट खर्च |
|---|---|---|
| ४२०।२०७८।९।२८ | ५०%२५ अनुदानमा तरकारीको विउ वितरणका लागि विउ खरिद गरे वापतको रकम भुक्तानी | २००००० |
| ४२१।२०७८।९।२८ | ५०%२५ अनुदानमा उन्नत तोरी र मसुरो विउ वितरणका लागि विउ खरिद गरे वापतको रकम भुक्तानी | २४३८३५ |
| ४२२।२०७८।९।२८ | ५० प्रतिशत अनुदानमा प्याजको विउ वितरणका लागि विउ खरिद गरे वापतको रकम भुक्तानी | १९९५२५ |
| ४२३।२०७८।९।२८ | ५० प्रतिशत अनुदानमा गहुँको विउ वितरणको लागि विउ खरिद गरे वापतको रकम भुक्तानी | १०८००० |
| ४२४।२०७८।९।२८ | ५० प्रतिशत अनुदानमा आलुको विउ वितरणका लागि विउ खरिद गरे वापतको रकम भुक्तानी | ६०००० |
| ५५२।२०७८।११।२६ | कार्यालयका लागी आवश्यक सामाग्री खरिद गरे वापतको रकम भुक्तानी | २०३०४५ |
| १०११।०७९।३।१३ | १६ सिलाइ कटाइ मेसिन | २४४०८० |
| ९२।२०७९-०३-२५ | ओसिस भिजन प्रा.लि. | ७८९९६० |
| ११।२०७९-०३-२४ | अभिसेक निर्माण सेवा | १९०४२५४ |
| | जम्मा | ३९५२६९९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५० | | | **जिन्सी सामाग्री -**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ (६) अनुसार स्वीकृत रकम खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । नगरपालिकाले उपलब्ध गराएको विवरण अनुसार कार्यालयमा विभिन्न मोबाइल २६ थान, ल्यापटप ७८ थान, डेस्कटप थान र प्रिन्टर १२० थान रहेको उल्लेख छ । सवारीसाधन र मेसिन औजार उपयोग सम्बन्धमा नगरपालिकाद्धारा मापदण्ड निर्माण भएको देखिएन । मापदण्ड वेगर खरिद एवं उपयोग गर्दा केन्द्रीय सरकार बाट प्राप्त अनुदानको सहि सदुपयोग हुने र नगरपालिकाको योजनाहरुमा रकम कटौती हुने हुदा मापदण्ड तर्जुमा गरी आवश्यकताको आधारमा मात्र खरिद एवं उपयोग गर्नुपर्दछ । | |
| ५१ | | | **नापी किताब र कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने -**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ।पालिकाले निम्न भौचरमा खरिद भएको पाईप तथा विद्युत पोलको भुक्तानी दिएकोमा उक्त सामान कुन स्थानमा कति परिमाणमा उपयोग गरियो सो को विवरण लेखापरीक्षणमा पेश भएन । खरिद र वितरण गरिएका सामानको नापी सहितको प्रतिवेदन पेश हुनुपर्ने रु. | ४,२७४,६०२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| गो. भौ. नं. र मिति | **विवरण** | **परिमाण ।विवरण** | **रकम** | **कैफियत** |
|---|---|---|---|---|
| ३१८।०७८।८।२३ | ५० एम एम पाइप | ४७५ मिटर | ६७०९३ | |
| | ९० एम एम ह्युम पाइप | ४ | १४५३१८ | |
| | विद्युत पोल | २ | | |
| ५८०।०७८।११।२९ | विद्युत पोल | १७ थान | १५३६८९ | |
| ६४९।१२।२८ | ९० एम एम ह्युम पाइप | ५ | १८६७३२ | |
| ७७१।०७९।१।२५ | ९० एम एम ह्युम पाइप | ४ | १४९३८६ | |
| ७७२।०७९।१।२५ | ९० एम एम ह्युम पाइप | ६ | २२४०७९ | |
| ७७२।०७९।१।२५ | ४५ एम एम ह्युम पाइप | १८ | २४२२७२ | |
| १२१५।०७९।३।२४ | सिसिटिभि क्यामरा लगायतका सामग्री | ५५ पिस | १२२०५०० | सामुदायिक विद्यालयमा जडान |
| ६८-०७८/११/१६ | साकार पाइप एण्ड पोल उद्योग प्रा.लि. | ह्युम पाइप | ४९१३२४ | |
| ६५-०७८/११/२९ | साकार पाइप एण्ड पोल उद्योग प्रा.लि. | ह्युम पाइप | ४९४२६२ | |
| ८०-०७८/११/२९ | साकार पाइप एण्ड पोल उद्योग प्रा.लि. | ह्युम पाइप | २९९९४७ | |
| ३९७ - २०७९।०३।२५ | खनाल हार्डवेयर सेन्टर | वडा नं ९ का लागी सिचाई मोटर २२ थान | ६००००० | |
| | **जम्मा** | | **४२७४६०२** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५२ | | | **गुणस्तर सुनिश्चतता -**<br>निर्माण कार्यमा प्रयोग गरिने निर्माण सामाग्रीको गुणस्तर सुनिश्चतताको लागि प्रयोगशाला परीक्षण (Lab test) गरिएको हुनु पर्दछ । निर्माण व्यवसायी र उपभोक्ता समितिले निर्माण कार्यमा प्रयोग गरेका डण्डी, गिट्टी, सिमेन्ट, बालुवा र सडक कालोपत्रे गर्ने कार्यमा प्रयोग गरिने विटुमिनको गुणस्तर परिक्षण गरेको छैन । उल्लिखित निर्माण सामाग्रीको Strength test कार्यालयले गराउन लगाएको पनि देखिएन । निर्माण सम्पन्न पश्चातसमेत गुणस्तर परिक्षण गराएको नदेखिएकोले गुणस्तर सुनिश्चितता हुन सकेन । सडक कालोपत्रे गर्ने कार्यमा प्रयोग भएको विटुमिन लगायत सबै सामाग्रीको प्रयोगशाला परिक्षण गराई गुणस्तर सुनिश्चित गरिनु पर्दछ । | |
| ५३ | | | **सामाजिक परीक्षण-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्रधन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । अतः ऐन अनुसार सार्वजनिक सेवा प्रवाहको प्रभावकारिता सम्बन्धमा सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाइ गर्नु पर्ने देखिन्छ । | |
| ५४ | | | **कोभिड प्रभावित राहत कार्यक्रम -**<br>कोभिड १९ को महामारीबाट प्रभावित अति विपन्न परिवार नगद हस्तानन्तरण कार्यविधि २०७८ को दफा ३ मा कोभिड को महामारी नियन्त्रणको लागि भएको बन्दाबन्दी कारण रोजगारी गुमाएका र नेपाल सकारबाट कुनै प्रकारको लाभ प्राप्त नगरेका नेपाली नागरिकहरुलाई पहिचान गरी प्रति परिवार रु दश हजारका दरले राहत रकम वितरण गर्नुपर्ने उल्लेख छ। त्यस्तै दफा ५ मा यस्तो राहत रकम हस्तान्तरणको लागि सम्बन्धित पालिकको वडा कार्यालयमा निवेदन पेश गर्ने गरी राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना आह्वान गर्नुपर्ने र सो सुचनाको जानकारी सम्बन्धित स्थानीय तहको वेवसाईटमा समेत राख्नुपर्ने उल्लेख छ । उक्त सूचनाको आधारमा पालिकाले सम्बन्धित वडामा प्राप्त निवेदनको प्रकृति हेरी वडा अध्यक्षले पालिकालाई सिफारिस गर्ने र सोको आधारमा रितपूर्वको निवेदन यकिन भएका लभग्राहीको नामावली सम्बन्धित पालिकाको प्रमखु प्रशासकीय अधिकृतले दावी विरोधका लागि तीन दिनको समायवधि दिई सुचना सार्वजनिक गर्नुपर्ने उल्लेख छ । यसरी सूचना जारी गर्दा सम्बन्धित स्थानीय तह र वडा कार्यालको सूचना पाटि वा वेवसाइटमा समेत राख्नुपर्ने उल्लेख छ । पालिकाले उक्त कार्यक्रमको लागि यसवर्षको अन्त्यसम्म ८५२ पिडित घरपरिवार रु.८५२०००० बजेट निकासा भएकोमा शुरुमा प्राप्त भएको वजेट पर्याप्त नभएका कारण कार्यपालिकाको मिति २०७८-०८-२३ को निर्णयबाट शुरुमा प्रत्येक घरपरिवारलाई रु.६०३३.९१ को दरले दामासाहि रुपले र बजेट प्राप्त भएपछि बाकीँ रु.३९६६.०९ दरले वितरण गर्ने निर्णय गरि यसवर्ष रु.२०३४५८८.६५ वितरण गरेकोमा पेन्सन वा सामाजिक सुरक्षा अन्तर्गतको भत्ता प्राप्त गरे नगरेको आदि खुलेको निवेदन संकलन नगरेको, प्रधानमन्त्री रोजगार कार्यक्रममा संलग्न रहे नरहेको वारेमा निर्णय प्रक्रियामा उल्लेख गरेको पाईएन । यसरी कोभिड १९ महामारीबाट प्रभावित अति विपन्न परिवारलाई राहत वितरण गर्दा कार्यविधिले निर्धारण गरेका मापदण्ड पालना गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५५</td><td></td><td></td><td>उपभोक्ता समितिको प्राविधिक बिल र कार्य सम्पन्नः<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स् अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स् अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनु पर्दछ।</td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>योजना छनौट र कार्यान्वयन -<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बजेट तथा योजना २०७८/७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।<br><table><tr><td>रु १ लाख सम्म</td><td>रु १ लाख देखि २ लाखसम्म</td><td>रु २ लाखदेखि ५ लाखसम्मका</td><td>रु ५लाख देखि १० लाखसम्मका</td><td>रु १० लाखभन्दा बढीको</td><td>जम्मा</td></tr><tr><td>११</td><td>५७</td><td>१३२</td><td>१०९</td><td>८२</td><td>३९१</td></tr></table>उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष जम्मा 391 वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनि र ५ लाख सम्मका मात्र १०० वटा योजनाहरु रहेका छन् । साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्ष भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ५७ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख -**<br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १०९७० मा निर्माण कार्यको लागत अनुमानमा वर्कचार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्चको लागि २ प्रतिशतसम्म कन्टिन्जेन्सी वापत खर्च गर्न सकिने उल्लेख छ । सार्वजनिक निकायले निर्माण कार्य गर्नको लागि तोकिएको आधार लिई लागत अनुमान तयार गर्नुपर्दछ ।लागत अनुमानमा निर्माण कार्यसँग सम्बन्धित सुपरभिजन, सूचना प्रकाशन लगायतका विभिन्न कार्यहरु गर्नको लागि कन्टिन्जेन्सी वापतको रकम समेत उल्लेख गरेको हुन्छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । पालिकाले आ।व २०७८।७९ मा कन्टीन्जेन्सी बापत के कति रकम कन्टिन्जेन्सी कट्टी गरेको छ सो को विवरण पेश गरेको छैन् । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । तसर्थ योजना वाइज कन्टिन्जेन्सी खर्चको अभिलेख राखि कन्टिन्जेन्सी खर्चको सम्वन्धमा पारदर्शिता एवम् मितव्ययीता कायम गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५८ | | | **बैठक भत्ता खर्च :-**<br>लुम्बिनी प्रदेश सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को परिच्छेद 2 बुदा नं १(क) अनुसार स्पष्ट विषयबस्तु र कार्ययोजना बेगर कार्यालय समयमा एकै निकायका कर्मचारी तथा पदाधिकारी मात्र बस्ने बैठकमा बैठक भत्ता उपलव्ध गराउन नमिल्ने उल्लेख छ। नमुना छनौट गरी परीक्षण गर्दा कार्यालयले विभिन्न ठेक्काको बोलपत्र मुल्याङकन तथा योजना अनुगमन बापत निम्न भौचरबाट निम्न संख्यामा पदाधिकारी तथा कर्मचारीलाई बैठक भत्ता भुक्तानी गरेको छ ।बैठक भत्ता खर्च लेख्ने उद्देश्यले ठेक्काको मुल्याङकनमा सहभागिहरुलाई एक पटक बोलपत्रदाताको पुर्णता परीक्षण गरी तुलनात्मक चार्ट तयारी गर्ने र अर्को पटकको बैठकमा कम कबोल गर्ने फर्म सारभुत रुपमा प्रभावग्राही भएकोले स्वीकृती दिने गरी बैठक बसी खर्च लेखेको छ ।अत खर्च लेख्न नपाउने यस प्रकारको खर्च रु. १५९८०० असुल हुनुपर्ने रु. | १५९,८०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | गो.भौ.नं. मिति | कर्मचारी तथा पदाधिकारीको नाम | दिन | दर | जम्मा | १५% कर बाहेक | |
| | | | २३७-2078/८/३(ठेक्का मुल्यांकन तथा कार्यालयमा उपस्थित नभएको दिनको) | गेहेन्द्र वहादुर डाँगी | ७ | १५०० | १०५०० | ८९२५ | |
| | | | | रविन्द्र क्षेत्री | ७ | १५०० | १०५०० | ८९२५ | |
| | | | | गंगाराम पोख्रेल | ७ | १५०० | १०५०० | ८९२५ | |
| | | | | सौगात वली | ७ | १५०० | १०५०० | ८९२५ | |
| | | | | यज्ञ वहादुर वली | ७ | १५०० | १०५०० | ८९२५ | |
| | | | | भावना पौडेल | ७ | १५०० | १०५०० | ८९२५ | |
| | | | | विनय कुमार यादव | ४ | १५०० | ६००० | ५१०० | |
| | | | | जम्मा | | | | ५८६५० | |
| | | | १२४२।०७९।३।२५(योजना अनुगमन) | जोगराज चौधरी | २ | १००० | २००० | १७०० | |
| | | | | लक्ष्मी योगी | २५ | १००० | २५००० | २१२५० | |
| | | | | गेहेन्द्र वहादुर डाँगी | १५ | १००० | १५००० | १२७५० | |
| | | | | सुनिता कुमारी चौधरी | १५ | १००० | १५००० | १२७५० | |
| | | | | देवा परियार | ७ | १००० | ७००० | ५९५० | |
| | | | | सुनिता पोखरेल | १५ | १००० | १५००० | १२७५० | |
| | | | | सौगात वली | १५ | १००० | १५००० | १२७५० | |
| | | | | रञ्जना पोखरेल | ३ | १००० | ३००० | २५५० | |
| | | | | भिमकान्त भण्डारी | २ | १००० | २००० | १७०० | |
| | | | | अमित वि क | २ | १००० | २००० | १७०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | विनय कुमार यादव | १ | १००० | १००० | ८५० | |
| | | | | कोपिला चौधरी | ५ | १००० | ५००० | ४२५० | |
| | | | | कमल शर्मा | ५ | १००० | ५००० | ४२५० | |
| | | | | तिलमाया घर्ति मगर | १ | १००० | १००० | ८५० | |
| | | | | सरिता चौधरी | २ | १००० | २००० | १७०० | |
| | | | | पुनिराम चौधरी | २ | १००० | २००० | १७०० | |
| | | | | पुनम चौधरी | २ | १००० | २००० | १७०० | |
| | | | | जम्मा | | | | १५९८०० | |
| ५९ | | | **भारतीय राजदुतावास - राप्ती कोल्ड स्टोर निर्माण (ज्ञान ज्योती विल्डर्स ठेक्का नं.०९।२०७४-७५) - सो सम्बन्धि देखिएका व्यहोरा निम्नानुसार छन् –** | | | | | | |
| ५९.१ | | | **कोल्ड स्टोर निर्माण कार्यः** कार्यालयले लागत अनुमान मु अ कर समेत रु.२६७००००० भएको राप्ती कोल्ड स्टोर कार्यको सूचना प्रकाशनमा गरेकोमा २ वटा फर्म मध्ये सबैभन्दा घटी कबोल गर्ने निर्माण व्यवसायी ज्ञान ज्योती विल्डर्सको कबोल अङ्क रु.२४६९५४८२ को ठेक्का शुरु सम्पन्न गर्नुपर्ने २०७५।१०।२१ सम्ममा सम्पन्न गर्ने गरि २०७५।०४।२२ मा ठेक्का सम्झौता गरेको देखियो। उक्त निर्माण कार्यको कार्यसम्पन्न पश्चात यसबर्ष भारतीय राजदुताबास श्रोतको रु.१०४२९१४४ र पालिका स्रोतको रु.४१२२५१९ समेत रु.१४५५१६६३ भुक्तानी भएको छ । यसमा देहायका व्यहोराहरु देखिएका छन् - | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५९.२ | | | **खरिदमा सम्झौता कार्यान्वयनको अवस्थाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा देहायका कार्यहरु गर्नु पर्ने व्यवस्था रहेकोमा उल्लिखित कार्यहरु गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ ।<br><br>· क) खरिद सम्झौता भएपछि सम्बन्धित निर्माण व्यवसायीसंग आवश्यकतानुसार पोष्ट बिड कन्फ्रेन्स गर्नु पर्ने<br><br>· ख) सम्झौता कार्यान्वयनको कार्ययोजना र कार्यतालिका तयार गर्ने<br><br>· ग) सम्झौता प्रशासन कार्य योजना अनुसार खरिद सम्झौताकौ कार्य योजनाको प्रगति अनुगमन, गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्ने<br><br>· घ) निर्माण व्यवसायीलाई निर्माण कार्यस्थल सुम्पने कार्य<br><br>· ङ) बजेट र लागत लेखा (कस्ट एकाउन्टीङ्ग) को पक्ष लगायत सम्झौता कार्यान्वयनको वित्तीय व्यवस्थापन पक्षको व्यवस्थापन गर्ने<br><br>च) सम्झौता कार्यान्वयनको आवधिक प्रतिदन एक तहमाथीको अधिकारी समक्ष पेश गर्ने | |
| ५९.३ | | | **खरिदमा सम्झौताको म्याद थपः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० अनुसार ऐन बमोजिम निर्माण व्यवसायीको काबू बाहिरको परिस्थिति सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध गराउन नसक्ने अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधि भित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई निवेदन दिनुपर्ने र म्याद थप गर्ने अधिकारीले सम्बन्धित निर्माण व्यवसायीले खरिद सम्झौता अनुसारको काम समय मै सम्पन्न गर्न भरमग्दुर प्रयास गरेको र कार्यालयले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध नगराएकव वा काबू वाहिरको परिस्थितिको कारणबाट काममा ढिलाई भए नभएको यकिन गरि अवधि थप गर्न सक्ने व्यवस्था छ । तर कार्यालयले उक्त निर्माण कार्यको शुरु अवधि २०७५।१०।२१ सम्म मात्र रहेकोमा प्रथम पटक कार्यपालिकाको निर्णय अनुसार २०७७।०८।३० सम्मको लागी र दोस्रो पटक मिति २०७८।०६।०७ सम्म अवधि थप गरेको देखियो ।उक्त निर्माण व्यवसायीले निर्माण कार्यको कार्यतालिका तथा कार्य योजना तयारै नगरेको र सम्झौता अनुसारको कार्य कार्यान्वयनकालागी प्रगति अनुगमन गर्ने र गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्ने, बजेट र लागत लेखा (कस्ट एकाउन्टीङ्ग) को पक्ष लागयत सम्झौता कार्यान्वयनको वित्तीय पक्षको व्यवस्थापन कार्य गरेको देखिएन । जसका कारण निर्माण कार्य तोकिएको अवधिमा सम्पन्न गर्न निर्माण व्यवसायीले भरमग्दुर प्रयास गरे नगरेको स्पष्ट हुन सकेन । अतः निर्माण व्यवसायीको उल्लिखित पक्षको विश्लेषण नगरी निर्माण कार्यको अवधि थप गर्ने कार्यमा सुधार गरिनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५९.४ | | | **विमा नगरेको -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेह १० लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेशिन औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन गर्ने खर्च, निर्माण व्यवसायीले निर्माणस्थलमा ल्याएको आफ्नो उपकरण, त्रुटी सच्याउने अवधिको जोखिम, कुनै कर्मचारीलाई चोटपटक लागेमा वा निजको मृत्यू भएमा हुने जोखिमसमेतको बीमा गराउनु पर्ने व्यवस्था छ । कार्यालयले उक्त निर्माण योजना बोलपत्रबाट खरिद गर्दा लागत अनुमान तथा ठेक्काको सम्झौतामा विमाको व्यवस्था गरेको छैन । खरिद सम्झौताको शर्तमा बिमाको प्रावधान अनिवार्य गर्दै भविश्यको जोखिम न्यूनीकरणका गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ५९.५ | | | **कार्य सम्पन्न प्रतिवेदन:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ को उपनियम २ अनुसार निर्माण कार्य सम्पन्न भई त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गराउनु पर्ने व्यवस्था छ । तर कार्यालयले त्रुटी सच्याउने अवधि समाप्त नहुँदै अन्तिम बील भुक्तानी कै समयमा कार्य सम्पन्न ।कार्य सम्पन्न प्रतिवेदन तयार गरेकोले निर्माण व्यवसायीलाई अनुचित लाभ पुग्न सक्ने देखिन्छ । अत: निर्माण कार्यको त्रुटि सच्याउने अवधि समाप्त पश्चात मात्र कार्यसम्पन्न प्रतिवेदन बनाइनु पर्दछ । | |
| ६० | | | अनुगमन तथा सम्परीक्षण –<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षणको लागि पेश भएको छैन् । पालिकाले आ.व २०७७।७८ को बेरुजु फछ्र्यौटका निमित्त नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) मार्फत सम्परीक्षणका लागि पेश गरेको पालिकाले जनाएको छ । सोहि प्रणाली मार्फत सम्परीक्षण गरि जानकारी गरिने छ ।<br><br>**अद्यावधिक वेरुजु -** यस पालिकाको २०७८।७९ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ- | |

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| ४२१७१८००० | ० | ७३८३१३४१ | ० | ४९५५४९३४१ |